# स्मार्ट कृषि गाउँ कार्यक्रमको उपलब्धीहरु

## (आ.व. २०७८/७९)


लुम्बिनी प्रदेश सरकार

कृषि तथा भूमि व्यवस्था मन्त्रालय

**कृषि विकास निर्देशनालय**

बुटवल, रुपन्देही

वेवसाइटः **doad.lumbini.gov.np**

इमेलः **doad@lumbini.gov.np, doad.p5@gmail.com, doadplanning@gmail.com**

# मन्तव्य

लुम्बिनी प्रदेश अन्तर्गत मौलिक पहिचान भएका कृषि वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धन आधुनिक र समयसापेक्ष तरिकाबाट गर्न प्रदेश सरकारले निजी, कृषक समूह तथा सहकारी, स्थानीय तह, शैक्षिक तथा अनुसन्धान संस्था लगायतको सहकार्यमा कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले प्रत्येक निर्वाचन क्षेत्रको कम्तीमा एक स्थानमा दिगो कार्यक्रम सञ्चालन गरी रोजगारी सिर्जना गर्दै कृषकको आयस्तर वृद्धिका साथै खाद्य सुरक्षामा सुधार गर्ने उद्देश्यले तत्कालिन भूमि व्यवस्था, कृषि तथा मन्त्रालय हालको कृषि तथा भूमि व्यवस्था मन्त्रालयबाट स्मार्ट कृषि गाउँ कार्यक्रम तर्जुमा तथा वार्षिक कार्यक्रममा स्विकृत भई आ.व. २०७५/७६ बाट कार्यान्वयनमा गएको हो। पहिलो आ.व.मा जम्मा ५२ वटा स्मार्ट कृषि गाउँ कार्यक्रम स्थापना गर्ने निर्णय भएकोमा ८ वटा ज्ञान केन्द्र मार्फत लगातार ४ वर्ष निरन्तर प्राविधिक रेखदेखमा काम हुने गरी सबै कार्यान्वयनमा गरियो। त्यसै गरी आ.व. २०७६/७७ मा २३ वटा र आ.व. २०७७/७८ मा ४१ वटा थप गरी जम्मा ११६ वटा स्मार्ट कृषि गाउँ कार्यक्रमहरु (कृषि तर्फका ६० वटा र पशुपंछी तर्फ ५६ वटा) सञ्चालनका लागि निर्णय भएको छ ।"स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" ले तोके बमोजिम कार्यान्वयनका लागि बजेट व्यवस्थापन पनि भयो र आ.व. २०७८/७९ मा जम्मा ११५ वटा कार्यक्रम कार्यान्वयन गरियो।

आ.व. २०७८/७९ मा ११६ वटा मध्ये २०७८/११/१२ को निर्देशक समितिको बैठकबाट आ.व. २०७५/७६ मा सुरु भएको ३ वटा जून १ वर्ष सञ्चालन भयो तर लगातार २ वर्ष सञ्चालन भएन र आ.व. २०७६/७७ मा सुरु भएको २ वटा जून छनौट गर्ने निर्णय भयो तर लगातार दुई वर्ष सञ्चालन भएनन् त्यस्ता गरी जम्मा ५ वटा स्मा.कृ.गा. कार्यक्रम रद्द गरियो। यसरी गत आ.व. मा २०७५/७६ वटा ५२ वटा मध्ये जम्मा ४९ वटा कार्यक्रम मार्फत ४ वर्ष अवधि पुरा भएर हस्तान्तरणको लागि प्रकृयामा गएको अवस्था छ। आ.व. २०७९/८० मा जम्मा ६२ वटा सञ्चालनका लागि बजेट व्यवस्थापन भएका छन् जसमध्ये कृषि तर्फका २५ वटा र पशपंछी तर्फका ३७ वटा रहेका छन्। यसरी यी वहुवर्षिय कार्यक्रम सञ्चालन भई केहि समापन पनि भईसकेको अवस्थामा कार्यक्रमको उपलब्धी मूल्याङ्कन गर्नु अत्यावश्यक भएकाले यस निर्देशनालयले कृषि तर्फका यस्ता कार्यक्रमको उपलब्धी सङ्कलन तथा प्रकाशन गर्ने जमर्को गरेको छ। पुस्तिका तयार गर्नका लागि तथ्याङ्क उपलब्ध गराई सहयोग गरिदिनु हुने कृषि ज्ञान केन्द्र तथा एकिकृत कृषि तथा पशुपंछी विकास कार्यालय प्रति आभार व्यक्त गर्दछौं। पुस्तिकालाई अन्तिम रुपमा दिन निरन्तर खटिरहनु भएको वागवानी विकास अधिकृत श्री सुनैना बराली लगायत निर्देशनालयका सम्पूर्ण कर्मचारी साथीहरुलाई धन्यवाद दिँदै यो प्रकाशन नीति निर्माता, कृषि व्यवसायी, सहयोगी संस्था तथा कृषि क्षेत्रमा चासो राख्ने सम्पूर्ण वर्गहरुलाई उपयोगी हुनेछ भन्ने अपेक्षा गर्दछु।

**राम प्रसाद पाण्डे**
निमित्त प्रमुख

# विषयसूची


| विषयवस्तु | पेज नं |
|---|---|
| भाग-१ स्मार्ट कृषि गाउँ कार्यक्रमको परिचयात्मक विवरण | १-२० |
| भाग-२ स्मार्ट कृषि गाउँ कार्यक्रमको उपलब्धीहरु (आ.व. २०७८/७९) | २१-६० |
| भाग-३ स्मार्ट कृषि गाउँ कार्यक्रममा देखिएका समस्या तथा समाधानका उपायहरु | ६१-६२ |
| भाग-४ सफलताको कथा | ६३-६५ |
| भाग-५ कार्यक्रमबाट भएका कृयाकलापहरुको झलकहरु | ६६-९२ |

# भाग-१ स्मार्ट कृषि गाउँ कार्यक्रमको परिचयात्मक विवरण

## १.१ परिचय

प्रदेश स्थापना लगतै स्थपना भएको तत्कालिन भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट आ.व. २०७५/७६ प्रदेश नं. ५ (हालको लुम्बिनी प्रदेश) अन्तर्गत मौलिक पहिचान भएका कृषि वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धन आधुनिक र समयसापेक्ष तरीकाबाट गर्न प्रदेश सरकारले निजी, कृषक समूह तथा सहकारी, स्थानीय तह, शैक्षिक तथा अनुसन्धान संस्था लगायतको सहकार्यमा कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता पहिचान गरी प्रत्येक निर्वाचन क्षेत्रको कम्तीमा एक स्थानमा दिगो कार्यक्रम सञ्चालन गरी रोजगारी सिर्जना गर्दै कृषकको आयस्तर वृद्धिका साथै खाद्य सुरक्षामा सुधार गर्ने उद्देश्यले स्मार्ट कृषि गाउँ कार्यक्रम तर्जुमा भै कार्यान्वयन गरियो। कार्यक्रमको सरल, सहज, पारदर्शी र व्यवस्थित ढंगले कार्यान्वयन गर्न पहिलो वर्षमा स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ बनाई कार्यक्रम लागू गरियो। दोस्रो वर्षमा कार्यविधिमा केहि थप तथा परिपार्जनको आवश्यक देखिएकाले स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ खारेज गरि सो कार्यविधि बमोजिम भए गरेका काम कारवाही **स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कार्यविधि, २०७६** बमोजिम भए गरेको मानिने गरी दोस्रो वर्ष देखि कार्यान्वयनका लागू गरियो।

“स्मार्ट कृषि गाउँ” भन्नाले विशिष्टता अनुसारको बाली तथा पशुपंछी सुहाउँदो जलवायु तथा वातावरणमैत्री अभ्यास, सिंचाइ तथा आधुनिक उत्पादन प्रविधिको प्रयोग एवम् जोखिम न्यूनीकरणका उपायहरु अवलम्वन गर्दै कृषिको उत्पादन, उत्पादकत्व र गुणस्तर वृद्धी गरी आयआर्जनमा संलग्न भएको कम्तीमा ५० घरधुरी भएको सिकाइयोग्य समुदाय हो ।

## १.२ **स्मार्ट कृषि गाउँ कार्यक्रमको उद्देश्यः**

(क) कृषि उत्पादनलाई बजारमुखी, व्यवसायमुखी, नाफामुखी र आत्मनिर्भर बनाइ कृषकहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी दिगो आयस्तर वृद्धि गर्न "एक नमूना गाउँ" को रुपमा विकास गर्नु।

(ख) बाँझो र खाली रहेका कृषि जग्गाको समुचित प्रयोग तथा स्थानीय स्तरमा उपलब्ध श्रोत साधन र कृषि जैविक विविधताहरुको संरक्षण तथा प्रवर्द्धन गर्नु।

(ग) कृषिक्षेत्रको वातावरणीय जोखिम न्यूनीकरण गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धिबाट दिगो खाद्य तथा पोषण सुरक्षा सुनिश्चिता गर्दै निर्यात प्रवर्द्धनमा टेवा पुऱ्याउनु।

(घ) महिला तथा युवा उद्यमशीलताको विकास गर्दै कृषिमा रोजगारीका अवसरहरु सिर्जना गरी हालको बेरोजगारी दरलाई न्यूनीकरण गर्दै लैजानु।

## १.२ कार्यक्रमका रणनितिक लक्ष्यहरु

- जलवायू अनुकुलन कृषि प्रणाली विकास गर्नु ।
- कृषकहरुको आम्दानी दोब्बर वृद्धि गर्नु।
- ग्रामिण क्षेत्रमा रोजगारी सृजना गर्नु र दिगो खाद्य सरुक्षा कायम गर्नु।

## १.४ कार्यक्रमको सम्भागहरुः

माथि उल्लेखित कार्यविधि बमोजिम उक्त कार्यक्रम सञ्चालनका लागि देहायबमोजिमका सम्भागहरु समावेश गरिएको छः

(क) **जलवायु स्मार्ट (Climate Smart):** जलवायु स्मार्ट सम्भागतर्फ क्षेत्र विशेष जलवायु समानुकूलित प्रविधि र अभ्यासहरु (Site-specific Climate Resilient Technologies and Practices) अवलम्बन गरिन्छ। मौसमी प्रतिकूलतामा जुधनसक्ने बालीका जात एवम् पशु नश्लका साथै वातावरणमैत्री तथा कम उर्जा प्रयोग हुने रैथाने तथा उन्नत प्रविधि र अभ्यासहरु पर्दछन्। यस उपक्षेत्र अन्तर्गत कृषि सूचना केन्द्र (Agri-information Centre) लाई प्राथमिकतामा राखी जलवायु पूर्वानुमान र प्रचार प्रसार लगायतका अन्य क्रियाकलापहरु सञ्चालन गरिन्छ। यसमा कूल आयोजना लागतको १० देखि २० प्रतिशतसम्म रकम खर्च गर्न सकिन्छ।

(ख) **सिंचाइ स्मार्ट (Irrigation Smart):** यस सम्भागअन्तर्गत सम्भाव्यता र कम लागतका आधारमा बर्षै भरी सिंचाइको सुविधा सुनिश्चितता हुने खालका साना सिंचाइका संरचना तथा प्रविधिको अवलम्बन गरिन्छ। यस अन्तर्गत आकाशको पानी संकलन, प्लाष्टिक पोखरी निर्माण, थोपा सिंचाइ वा स्प्रिङ्कल सिंचाइ, सोलार पम्प र पोखरी निर्माण जस्ता क्रियाकलापहरु गरिन्छ। यसमा कूल आयोजना लागतको २० देखि ४० प्रतिशत रकम खर्च गर्न सकिन्छ।

(ग) **पोषकतत्व स्मार्ट (Nutrient Smart):** दिगो भू-व्यवस्थापन वा भू-उपयोग नक्शाङ्कन, एकीकृत बाली तथा खाद्यतत्व व्यवस्थापन, माटोमा कार्वन सञ्चितीकरण गर्ने खेती पद्धति तथा वैज्ञानिक पशु आहार व्यवस्थापनका अभ्यासहरु अवलम्बन गरी माटोको उर्वरा शक्ति वृद्धि गर्ने तथा पशुपंक्षीमा पोषण व्यवस्थापन कार्यलाई दिगो बनाउने क्रियाकलापहरु सञ्चालन गरिन्छ। यस उपक्षेत्रअन्तर्गत कूल आयोजना लागतको १० देखि २० प्रतिशत रकम खर्च गर्न सकिन्छ।

(घ) **प्रविधि स्मार्ट (Technology Smart):** परम्परागत ज्ञान र प्रविधिहरुलाई बढीभन्दा बढी प्रोत्साहन गर्दै कृषि तथा पशुपंक्षी पालनमा आधुनिक प्रविधिहरुको अवलम्बन, दिगो कृषि यान्त्रीकरणका लागि कस्टम हायरिङ्ग सेन्टर, करार खेती, जग्गा चक्लाबन्दी, पशु नश्ल सुधारका अभ्यासहरु,

एक स्वास्थ्य अवधारणा (One Health Approach) लगायतका क्रियाकलापहरुमा जोड दिई बाली तथा पशुपंक्षीहरुको उत्पादकत्व वृद्धि गरिन्छ। यस उपक्षेत्र अन्तर्गतका क्रियाकलापहरुमा कूल आयोजना लागतको २० देखि ४० प्रतिशतसम्म रकम खर्च गर्न सकिन्छ।

(ङ) **बजार स्मार्ट (Market Smart):** यस सम्भागअन्तर्गत समुदायमा आधारित संकलन तथा प्रशोधन केन्द्रहरु विकास गरी औपचारिक बजारीकरणको विकास तथा मूल्य श्रृखंलामा आधारित दिगो बजार प्रवर्द्धन (Sustainable Market Promotion) गरिन्छ। किसानहरुलाई उत्पादित बस्तुको बजार मूल्य बारेमा निरन्तर जानकारी गराइनेछ। यस उपक्षेत्र अन्तर्गतका क्रियाकलापहरुमा कूल आयोजना लागतको २० देखि ४० प्रतिशतसम्म रकम खर्च गर्न सकिने व्यवस्था छ।

(च) **अन्तरसम्बन्धित विषयहरुः** क्षमता विकास र सहसिकाइ (Capacity building and Co-learning), लैंगिक तथा सामाजिक समावेशीकरण (Gender & Social Inclusion), युवा उद्यमशीलता विकास (Youth Entrepreneurship Development), संस्थागत विकास (Institutional Development) र सहकार्य र सह–लगानी (Partnership and Co-financing) जस्ता अन्तरसम्बन्धित क्षेत्रसँग सम्बन्धित क्रियाकलापहरुका लागि बढीमा ५ प्रतिशत रकम खर्च गर्न सकिने व्यवस्था छ।

कार्यक्रममा बजेट रकम खर्चको सिलसिलामा प्रस्तावित गाउँमा कुनै सम्भाग अन्तर्गतका क्रियाकलाप तथा संरचनाहरु पहिले नै रहेको अवस्था भएमा उक्त सम्भागका लागि छुट्टाइएको बजेट अन्य सम्भागमा लगानी गर्ने व्यवस्था पनि कार्यविधिले दिइएको छ।

### १.३ हालसम्म निर्णय तथा सञ्चालन भएका स्मार्ट कृषि गाउँ कार्यक्रमहरुको नामावलीः

### (क) आ.व. २०७५/७६

पहिलो वर्षमा पहिलो चरणमा यो कार्यक्रम प्रदेशको प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रमा कम्तीमा एउटा स्मार्ट कृषि गाउँ कार्यक्रम प्रतिनिधित्व हुने गरी सम्बन्धित प्रदेश निर्वाचन क्षेत्रबाट निर्वाचित प्रदेश सभा सदस्यहरुको समन्वय र सिफारिसमा कार्यविधि बमोजिम मापदण्ड पुरा गरेको ५२ गाउँहरु छनौट गरी सञ्चालन गरियो। पहिलो वर्ष सम्पूर्ण कार्यक्रम कृषि ज्ञान केन्द्रबाट मात्र सञ्चालन गरिएको थियो जसका नामावली यस प्रकार छन्:

| कार्यालय | सिं.नं | स्मार्ट कृषिको नाम | ठेगाना | बाली/बस्तु |
|---|---|---|---|---|
| कृषि ज्ञान केन्द्र, अर्घाखाँची | १ | श्री सिद्धेश्वर स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | पाणिनी गा.पा.- ६, धातिवाङ, अर्घाखाँची | तरकारी र भैसीपालन |
| | २ | श्री बामरुक स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | मालारानी गा.पा.- ७,बामरुक, अर्घाखाँची | बाख्रापालन र तरकारी |
| कृषि ज्ञान केन्द्र, कपिलवस्तु | ३ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | मायादेवी गा.पा. -७, लालपुर, बनकसिहा, कपिलवस्तु | गाई/भैसीपालन |
| | ४ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | विजयनगर गा.पा.-५, कटुवा, कपिलवस्तु | माछापालन |
| | ५ | श्री कोइली स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | बाणगंगा न.पा.- ९, जिनुवा, बर्दहवा, कपिलवस्तु | मकै(प्रथम बाली) र धान खेती |
| | ६ | श्री एकता स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | शिवराज न.पा.- १, उमरी, कपिलवस्तु | तरकारी(प्रथम बाली) र बाख्रापालन |

| कार्यालय | सिं.नं | स्मार्ट कृषिको नाम | ठेगाना | बाली/बस्तु |
|---|---|---|---|---|
| | ७ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | यशोधरा गा.पा.- ७, सुन्तनवापुर, कपिलवस्तु | धान खेती र गाई/भैसीपालन |
| | ८ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | महाराजगंज न.पा.- १०, हर्दौना, कपिलवस्तु | तरकारी र धान खेती |
| कृषि ज्ञान केन्द्र, गुल्मी | ९ | श्री राङ्बास स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | रेसुङ्गा न.पा.- ११, राङ्बास, गुल्मी | बाख्रापालन र कुखुरापालन |
| | १० | श्री लुम्पेक बाख्रापालन स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | सत्यवति गा.पा.- ३, ठूलोलुम्पेक, गुल्मी | बाख्रापालन |
| | ११ | श्री छल्दी स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | ईस्मा गा.पा.- २, छल्दी, गुल्मी | बाख्रापालन र माछापालन |
| | १२ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | धूर्कोट गा.पा.- ६, किमुखर्क कमेरेपानी लाहारा, बेलटारी | बाख्रापालन र तरकारी खेती |
| कृषि ज्ञान केन्द्र, दाङ | १३ | श्री रिभानटोल स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | बंगलाचुली गा.पा.- ६, रिभानटोल, दाङ | तरकारी र कागती |
| | १४ | श्री स्यानीगाउँ धोवघाट स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | घोराही उप म न.पा.- ८ र १०, स्यानीगाउँ, दाङ | बसन्ते मकै र तरकारी |
| | १५ | श्री लुहाडवरा मटेरा स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | तुल्सीपुर उप महा न.पा.- १४, लुहाडवरा मटेरा, दाङ | बसन्ते मकै र तरकारी |

| कार्यालय | सिं.नं | स्मार्ट कृषिको नाम | ठेगाना | बाली/बस्तु |
|---|---|---|---|---|
| | १६ | श्री बुढाडाबर दुवचौर स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | शान्तिनगर गा.पा.- ७, बुढाडावर दुविचौर, दाङ | बसन्ते मकै र तरकारी |
| | १७ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | गढवा गा.पा.- २, घुस्रा, दाङ | तरकारी खेती र बाख्रापालन |
| | १८ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | लमही न.पा.- ९, हर्दवा, दाङ | बाख्रापालन र कागति खेती |
| | १९ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | प्यूठान न.पा.- ९ र १०, मरन्ठाना, प्यूठान | फलफूल र तरकारी |
| | २० | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | सरुमारानी गा.पा.- १, औलेनी, प्यूठान | तेलहन, दलहन र तरकारी |
| कृषि ज्ञान केन्द्र,नवलपरासी (ब. सु. प.) | २१ | श्री तरैनी स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | ओमसतिया गा.पा.- ५, तरैनी, रुपन्देही | तरकारी र धान खेती |
| | २२ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | लुम्बिनी सांस्कृतिक न.पा.- ९, सोनवर्षा, रामवापुर, लकडीगढ, रुपन्देही | तरकारी र धान खेती |
| | २३ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | तिलोत्तमा न.पा.- १४, मंगलापुर, रुपन्देही | तरकारी खेती |
| | २४ | श्री धनेवा स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | बर्दघाट न.पा.- १३, धनेवा, नवलपरासी | धान र तोरी खेती |

| कार्यालय | सिं.नं | स्मार्ट कृषिको नाम | ठेगाना | बाली/बस्तु |
|---|---|---|---|---|
| | २५ | श्री समयमाई स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | मर्चवारी गा.पा.- १, हरीनगाडे, रुपन्देही | धान र तरकारी खेती |
| | २६ | श्री मर्चवारी स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | मर्चवारी गा.पा.- ६, बगौली, रुपन्देही | धान र तरकारी खेती |
| | २७ | श्री सुक्रौली स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | रामग्राम न.पा.- १५, सुक्रौली, नवलपरासी | धान, मकै र गँहु |
| | २८ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | सैनामैना न.पा.- ११, सालझण्डी, रुपन्देही | गाईपालन/भैसीपालन |
| | २९ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | सियारी गा.पा.- १ र ३, भगदरीया सितापुर र लक्ष्मीपुर, रुपन्देही | गाईपालन |
| | ३० | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | सरावल गा.पा.- २, मगरमुठा, पटखौली, अत्रहरी, सरावल, ब. सु. प. नवलपरासी | बाख्रापालन |
| | ३१ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | तिलोत्तमा न.पा.- ६, पश्चि पहुनी, रुपन्देही | बाख्रापालन |
| | ३२ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | सैनामैना न.पा.- ३, गंगानगर, रुपन्देही | कुखुरापालन |
| | ३३ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | प्रतापपुर गा.पा.- ८, पिपरपाटी, नवलपरासी (ब. सु. प.) | कुखुरापालन |

| कार्यालय | सिं.नं | स्मार्ट कृषिको नाम | ठेगाना | बाली/बस्तु |
|---|---|---|---|---|
| | ३४ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | देवदह न.पा.- ९, घोडाहा, बुद्धनगर,रुपन्देही | अर्गानिक तरकारी खेती |
| कृषि ज्ञान केन्द्र,पाल्पा | ३५ | श्री हूँगी स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यन्वयन समिति | रम्भा गा.पा. वडा नं.-१, हूँगी, पाल्पा | धान, तरकारी र मकै |
| | ३६ | श्री झयाँगला स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यन्वयन समिति | तिनाउ गा.पा. वडा नं. २, झयाँगला, पाल्पा | धान, तरकारी र मकै |
| | ३७ | श्री बराहदेवी स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यन्वयन समिति | रामपुर न.पा. वडा नं-१०, हेकलाङ, पाल्पा | धान, तरकारी र मकै |
| | ३८ | श्री फोस्रान स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | तानसेन न.पा.- १४, अर्गली, पाल्पा | बाख्रापालन |
| कृषि ज्ञान केन्द्र, बाँके | ३९ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | गुलरिया न.पा.- ४, तुल्सिपुर, बर्दिया | तरकारी र बसन्ते मकै |
| | ४० | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | वडैयाताल गा.पा.- ७, वकोटिया, दाङ्पुर, बर्दिया | आलु र तरकारी खेती |
| | ४१ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | राजापुर न.पा.- ५, मुखियाजयपुर, बर्दिया | धान र मकै खेती |
| | ४२ | श्री शिवनगर स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | मधुवन न.पा.- ८, शिवनगर, बर्दिया | गाई र भैसीपालन |
| | ४३ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | राप्तीसोनारी गा.पा.- ७, फत्तेपुर, बाँके | तरकारी खेती र मुंग खेती |

| कार्यालय | सिं.नं | स्मार्ट कृषिको नाम | ठेगाना | बाली/बस्तु |
|---|---|---|---|---|
| | ४४ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | खजुरा गा.पा.- २, सितापुर, बाँके | तरकारी र बसन्ते मकै |
| | ४५ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | वैजनाथ गा.पा.- ४, तिलापुर नौलापुर, बाँके | तरकारी र बसन्ते मकै |
| | ४६ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | नेपालगंज उप महा न.पा.- १२, बेलासपुर करमोहना, बाँके | तरकारी र बसन्ते मकै |
| | ४७ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | कोहलपुर न.पा.- १३, खड्कवार, बाँके | धान, तरकारी, वसन्ते मकै |
| | ४८ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | डुडुवा गा.पा.- ३, हलबलडोली र हल्कारापुरुवा, बाँके | भैसीपालन र मास खेती |
| कृषि ज्ञान केन्द्र, रोल्पा | ४९ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | सिस्ने गा.पा.- ७ र ८, स्यालाखा, भिमखोला, लथाकोट, रुकुम पूर्व | सुन्तला र अलैचि |
| | ५० | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | भूमे गा.पा.- १, लुकुम, रुकुम पूर्व | भेडा र आलु |
| | ५१ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | गंगादिप गा.पा.- २ र ३, जिनावाङ, रोल्पा | आलु र तरकारी खेती |
| | ५२ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | सुनिलस्मृति गा.पा.- १ र २, घोडागाउँ, खुँग्री, रोल्पा | मसलाबाली र मौरीपालन |

**(ख) आ.व. २०७६/७७**

दोस्रो वर्षमा कृषि ज्ञान केन्द्रबाट पहिलो वर्षमा ५२ वटा सञ्चालन भएका पशु तर्फका स्मार्ट कृषि गाउँ कार्यक्रमहरु सम्बन्धित जिल्ला हेर्ने भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई हस्तान्तरण भई सञ्चालन गरियो। सोहि आ.व.मा कार्यविधिको दफा ६ खण्ड (ङ) को व्यवस्था बमोजिम थप २३ वटा देहाय बमोजिमका गाउँहरु स्थापना गरी सञ्चालन गर्ने निर्णय भयोः

| कार्यालय | सिं.नं | स्मार्ट कृषिको नाम | ठेगाना | बाली/बस्तु |
|---|---|---|---|---|
| कृषि ज्ञान केन्द्र,नवलपरासी (ब. सु. प.) | १ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | सुस्ता गा.पा.- ४, नर्सही, नवलपरासी | निर्णय नभएको तर कृषि तर्फ |
| | २ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | पाल्हीनन्द गा.पा.- ५, गेर्मी, नवलपरासी | गहुँ र तरकारी खेती |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कपिलवस्तु | ३ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | कपिलवस्तु न.पा.- १२, सौराहा गाउँ, कपिलवस्तु | गाई/भैसापालन |
| | ४ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | बुद्धभुमि न.पा.- ६, महुवा, कपिलवस्तु | भैसीपालन |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रोल्पा | ५ | श्री भित्रीवन स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | थवाङ गा.पा.- ३, भित्रिवन, मिरुल | बाखापालन |
| कृषि ज्ञान केन्द्र, गुल्मी | ६ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | छत्रकोट गा.पा.- १, हुँगा, गुल्मी | तरकारी खेती |
| | ७ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | मदाने गा.पा.- २, बाझकटेरी, गुल्मी | गाई/भैसीपालन |

| कार्यालय | सिं.नं | स्मार्ट कृषिको नाम | ठेगाना | बाली/बस्तु |
|---|---|---|---|---|
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाल्पा | ८ | श्री मैदान स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | पूर्वखोला गा.पा.- २, जल्पा, मैदान, पाल्पा | बाखापालन |
| | ९ | श्री माडी चक्रपथ स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | बगनासकाली गा.पा.- १ र २, चिर्तुङ्गधारा, पोखराथोक, पाल्पा | बाखापालन/माछापालन |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देही | १० | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | मायादेवी गा.पा.- ७, बनगाई, रुपन्देही | गाई/भैसीपालन |
| | ११ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | बुटवल उप म न.पा.- १५ र १६, बैठोलिया, नारायणपुर, डहरगाउँ, सेमलार, केदली र मैनापुर, रुपन्देही | गाई/भैसीपालन |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दाङ | १२ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | दंगिशरण गा.पा. -३, चखौरा र रावत गाउँ, दाङ | बाखापालन र बुंगुरपालन |
| | १३ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | बबई गा.पा. -४, हापुरे गाउँ, दाङ | बाखापालन र भैंसीपालन |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बाँके | १४ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | जानकी गा.पा. -१, साईगाउँ, बाँके | बाखापालन |
| | १५ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | नरैनापुर गा.पा.- ६, कोहला लक्ष्मणपुर, बाँके | बाखापालन |
| | १६ | श्री ठाकुरबाबा स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | ठाकुरबाबा न.पा.- ५, साहिपुर बनफडुवा, बर्दिया | बाखापालन |

| कार्यालय | सिं.नं | स्मार्ट कृषिको नाम | ठेगाना | बाली/बस्तु |
|---|---|---|---|---|
| | १७ | श्री तिनघेरुवा स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | गेरुवा गा.पा.- ४, तिनघरुवा, बर्दिया | बाख्रापालन |
| कृषि ज्ञान केन्द्र, दाङ्ग | १८ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | स्वर्गद्वारी न.पा.- १, कोचिवाङ र ५, सारी, प्यूठान | बाख्रापालन |
| कृषि ज्ञान केन्द्र, रोल्पा | १९ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | त्रिवेणी गा.पा.- ४, बुढागाउँ, रोल्पा | तरकारी खेती |
| | २० | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | सुनछहारी गा.पा.- ७, जेलवाङ, रोल्पा | भट्मास, तरकारी र मसला खेती |
| | २१ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | पुथाउत्तरगंगा गा.पा.- १२, कोलगाउँ, रुकुम पूर्व | बंगुर र सिमी |
| कृषि ज्ञान केन्द्र, अर्घाखाँची | २२ | श्री पावर स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | शितगंगा न.पा.- १४, पावर, मुन्द्रिबास, ओडारपाटा, कुसुमघाट, अर्घाखाँची | अर्गानिक तरकारी खेती |
| | २३ | श्री खिलु राईखन्ने स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | भूमिकास्थान न.पा.- ३, खिल्लु, राईखन्ने, लेबासे, अर्घाखाँची | तरकारी खेती |

**(ग) आ.व. २०७७/७८**

तेस्रो वर्षमा जम्मा ७५ वटा पुराना सहित थप नयाँ ४१ वटा देहाय बमोजिमका गाउँहरु निर्णय भई सञ्चालनमा आएका थिए:

| कार्यालय | सिं.नं | स्मार्ट कृषिको नाम | ठेगाना | बाली/बस्तु |
|---|---|---|---|---|
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कपिलवस्तु | १ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | शुद्धोधन गा.पा.- ५, दोहनी शिवलवा, कपिलवस्तु | गाई/भैंसीपालन |
| कृषि ज्ञान केन्द्र, गुल्मी | २ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | गुल्मीदरबार गा.पा. १, टारीफाँट र २, घोराहाफाँट, गुल्मी | धान, गहुँ र मकै खेती |
| | ३ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | चन्द्रकोट गा.पा.- ६, हरेवा, गुल्मी | बाख्रापालन र तरकारी खेती |
| | ४ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | मुसिकोट न.पा.- ८ र ९, गुल्मी | मौरीपालन |
| | ५ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | रुरुक्षेत्र गा.पा.- ५, बम्घा टाहाटिम, गुल्मी | आलु / तरकारी खेती |
| कृषि ज्ञान केन्द्र,पाल्पा | ६ | श्री मर्मरा स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यन्वयन समिति | माथागढी गा.पा. वडा नं.-४,मर्मरा, पाल्पा | मौरी,धान, मकै |
| | ७ | श्री पौरखनी स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यन्वयन समिति | रिब्दीकोट गा.पा. वडा नं.-६, ठिमुरे, पाल्पा | तरकारी र मकै |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पाल्पा | ८ | श्री हिले स्मार्ट बाख्रापालन गाउँ कार्यक्रम कार्यान्वयन समिति | कालीगण्डकी गा.पा.- १, हर्मीचौर, गुल्मी | बाख्रापालन/माछा पालन |
| | ९ | श्री काउलेडाँडा स्मार्ट बाख्रापालन गाउँ कार्यक्रम कार्यान्वयन समिति | निस्दी गा.पा.- ३, झिरुवास, पाल्पा | बाख्रापालन |

| कार्यालय | सिं.नं | स्मार्ट कृषिको नाम | ठेगाना | बाली/बस्तु |
| --- | --- | --- | --- | --- |
| | १० | श्री बुढीदमार स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | रैनादेवी छहरा गा.पा.- ८, सत्यवती, बुढीदमार, उपल्लो खण्ड, पाल्पा | तरकारी/खाद्यान्न |
| | ११ | श्री निस्ती मदाने स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | मालिका गा.पा.- ३, ह्वाङ्दी, गुल्मी | बाख्रापालन |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देही | १२ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | शुद्धोधन गा.पा.- ५, रुपन्देही | गाई/भैसीपालन र मकै खेती |
| | १३ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | रोहिणी गा.पा.- २, मैनिहवा, रुपन्देही | बाख्रापालन |
| | १४ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | सुनवल न.पा.- ३, किर्तिपुर र ६, तिलकाना, नवलपरासी | बाख्रापालन |
| | १५ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | कञ्चन गा.पा.- १, कुचेरा, रुपन्देही | गाई/भैसीपालन |
| | १६ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | बुटवल उप महा. न.पा.- १२, रुपन्देही | भैसीपालन |
| कृषि ज्ञान केन्द्र, कपिलवस्तु | १७ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | कृष्णनगर न.पा.- ८, लौहरौला, कपिलवस्तु | तरकारी खेती |
| कृषि ज्ञान केन्द्र, दाङ | १८ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | राजपुर गा.पा.- ७, ऐराना - सुनपथ्री, दाङ | बाख्रापालन, तरकारी र मसलाबाली |

| कार्यालय | सिं.नं | स्मार्ट कृषिको नाम | ठेगाना | बाली/बस्तु |
|---|---|---|---|---|
| | १९ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | घोराही उप महा न.पा.- ७, शुक्रवार, दाङ | तरकारी र धान खेती |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दाङ | २० | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | रासि गा.पा.- ५ सिंगेगाउँ, दाङ | भैसीपालन र बाख्रापालन |
| | २१ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | तुल्सीपुर उप महा. न.पा.- १८, अक्कासी सातकुले क्षेत्र, दाङ | पशुपालन |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बाँके | २२ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | नेपालगंज उप महा न.पा.- १६, जयसपुर, बाँके | बाख्रापालन र तरकारी खेती |
| एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, बर्दिया | २३ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | बाँसगढी न.पा.- ६, सतरिहा, बर्दिया | वंगुरपालन |
| | २४ | श्री धोविया स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | बारबर्दिया न.पा.- ५, धोविया, बर्दिया | वसन्ते मकै र तरकारी खेती |
| एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय, प्यूठान | २५ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | झिमरुक गा.पा.- ८, दियाल्ना, प्यूठान | बाख्रापालन |
| | २६ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | गौमुखी गा.पा.- ३, रजवारा (मेन्द्रावाङ, काब्रावाङ र ढ्वाँकाशिर), प्यूठान | बाख्रापालन र तरकारी खेती |
| | २७ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | मल्लरानी गा.पा.- २, चुँजा कुडारा, प्यूठान | तरकारी, मसला र बसन्ते मकै |

| कार्यालय | सिं.नं | स्मार्ट कृषिको नाम | ठेगाना | बाली/बस्तु |
|---|---|---|---|---|
| | २८ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | नौबहिनी गा.पा.- ४, चोरमल र २ समेत, प्यूठान | बाखापालन र तरकारी खेती |
| | २९ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | माण्डवी गा.पा.- २, मर्कावाङ, रातापानी, प्यूठान | तरकारी खेती |
| | ३० | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | ऐरावती गा.पा.- ६, काउले छापे खोला, विजुली, प्यूठान | तरकारी खेती |
| कृषि ज्ञान केन्द्र, रोल्पा | ३१ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | परिवर्तन गा.पा.- ५,राङकोट, जुमा राङसी बगीनी लामीडाँडा, रोल्पा | लसुन र दलहन खेती |
| | ३२ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | लुङग्री गा.पा.- ४, नम्जा, रोल्पा | तरकारी र रैथाने कोदो खेती |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रोल्पा | ३३ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | रोल्पा न.पा.- ९, हवामा, रोल्पा | बाखापालन |
| | ३४ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | माडी गा.पा.- ६, मिनाही, रोल्पा | बाखापालन |
| | ३५ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | रुन्टीगढी गा.पा.- ८, रानवन, रोल्पा | बाखापालन |
| कृषि ज्ञान केन्द्र, अर्घाखाँची | ३६ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | सन्धिखर्क न.पा.- १ र २, कुडुले फाँट, बिर्ति फाँट र सुक्मी फाँट, अर्घाखाँची | तरकारी खेती |

| कार्यालय | सिं.नं | स्मार्ट कृषिको नाम | ठेगाना | बाली/बस्तु |
|---|---|---|---|---|
| | ३७ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | छत्रदेव गा.पा.- ७, भगवती, अर्घाखाँची | निर्णय नभएको |
| कृषि ज्ञान केन्द्र,नवलपरासी (ब. सु. प.) | ३८ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | गैडहवा गा.पा.- ७, रुपन्देही | तरकारी खेती |
| | ३९ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | सिद्धार्थनगर न.पा.- १०, रुपन्देही | धान र तरकारी खेती |
| | ४० | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | सम्मरीमाई गा.पा.- १, करौता गाउँ, रुपन्देही | धान खेती |
| | ४१ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | कोटीहीमाई गा.पा.- ७, पर्सहवा र भंगाहिया, रुपन्देही | धान खेती |

यसरी जिल्लाअनुसार तपसिलको संख्यामा कृषि तथा पशुपंछी बाली/वस्तुका कार्यक्रमहरु सञ्चालनका लागि निर्णय भएको थियो।

| क्र.स. | जिल्लागत कार्यालयहरु | स्मार्ट कृषि गाउँ कार्यक्रम संख्या | | | | | | | | | | | | कैफि. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आव २०७५/७६ | | | आव २०७६/७७ | | | आव २०७७/७८ | | | जम्मा निर्णय भएको | | | |
| | | कृषि | पशुपन्छी | जम्मा | कृषि | पशुपन्छी | जम्मा | कृषि | पशुपन्छी | जम्मा | कृषि | पशुपन्छी | कूल जम्मा | |
| १ | नवलपरासी पश्चिम | २ | २ | ४ | २ | ० | २ | ० | १ | १ | ४ | ३ | ७ | |
| २ | रुपन्देही | ६ | ४ | १० | ० | २ | २ | ४ | ४ | ८ | १० | १० | २० | |
| ३ | कपिलवस्तु | ४ | २ | ६ | ० | २ | २ | १ | १ | २ | ५ | ५ | १० | |
| ४ | दाङ | ५ | १ | ६ | ० | २ | २ | १ | ३ | ४ | ६ | ६ | १२ | |
| ५ | बाँके | ५ | १ | ६ | ० | २ | २ | ० | १ | १ | ५ | ४ | ९ | |
| ६ | बर्दिया | ३ | १ | ४ | ० | २ | २ | १ | १ | २ | ४ | ४ | ८ | |
| ७ | पाल्पा | ३ | १ | ४ | ० | २ | २ | ३ | १ | ४ | ५ | ५ | १० | |
| ८ | गुल्मी | ० | ४ | ४ | १ | १ | २ | ३ | ३ | ६ | ५ | ७ | १२ | |
| ९ | अर्घाखाँची | १ | १ | २ | २ | ० | २ | १ | १ | २ | ४ | २ | ६ | |
| १० | प्यूठान | २ | ० | २ | ० | १ | १ | ३ | ३ | ६ | ५ | ४ | ९ | |
| ११ | रोल्पा | २ | ० | २ | २ | १ | ३ | २ | ३ | ५ | ६ | ४ | १० | |
| १२ | रुकुम पूर्व | १ | १ | २ | ० | १ | १ | ० | ० | ० | १ | २ | ३ | |
| | कूल जम्मा | ३४ | १८ | ५२ | ७ | १६ | २३ | १९ | २२ | ४१ | ६० | ५६ | ११६ | |

| क्र.स. | छनौट भएको बाली/वस्तु | संख्या | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | कैफियत |
|---|---|---|---|---|---|---|
| क | कृषि तर्फ | ६० | ३४ | ७ | १९ | |
| १ | तरकारी खेती | २३ | १० | ४ | ९ | |
| २ | फलफूल | २ | २ | ० | ० | |

| क्र.स. | छनौट भएको बाली/वस्तु | संख्या | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | कैफियत |
|---|---|---|---|---|---|---|
| ३ | आलु खेती | ३ | २ | ० | १ | |
| ४ | मौरीपालन | २ | ० | ० | २ | |
| ५ | मसला/लसुन | २ | १ | ० | १ | |
| ६ | दलहन/तेलहन | २ | १ | १ | ० | |
| ७ | खाद्यान्न (धान/मकै/गहुँ) | २६ | १८ | २ | ६ | |
| **ख** | **पशुपन्छी तर्फ** | **५६** | **१८** | **१६** | **२२** | |
| ८ | बाखापालन | ३४ | ९ | १० | १५ | |
| ९ | गाई/भैसीपालन | १६ | ५ | ५ | ६ | |
| १० | भेडापालन | १ | १ | ० | ० | |
| ११ | कुखुरापालन | २ | २ | ० | ० | |
| १२ | बंगुरपालन | २ | ० | १ | १ | |
| १३ | माछापालन | १ | १ | ० | ० | |
| | **जम्मा** | **११६** | **५२** | **२३** | **४१** | |

**(घ) आ.व. २०७८/७९**

विगतका तिन वर्षमा जम्मा ११६ वटा स्मार्ट कृषि गाउँहरु निर्णय भएअनुसार सञ्चालन गर्नका लागि प्रत्येक आर्थिक वर्षमा बजेट व्यवस्थापन भएता पनि ५ वटा गाउँहरुको अवस्था सुधारउन्मूख नदेखिएपछि तपसिलअनुसारको आ.व. २०७५/७६ को ३ वटा र आ.व. २०७६/७७ को २ वटा स्मार्ट गाउँहरुलाई निर्देशक समितिको मिति २०७८/११/१२ को निर्णयअनुसार रद्द गरियो।

| क्र.सं. | कार्यक्रमको नाम | ठेगाना | मुख्य बाली | निर्णय भएको वर्ष | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | सैनामैना न.पा. ३, गंगानगर, रुपन्देही | कुखुरापालन | २०७५/७६ | २०७५/७६ मा मात्र सञ्चालन भएको र आ.व. २०७६/७७ र |
| २ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | प्रतापपुर गा.पा. ८, पिपरपाटी, ब. सु. प. नवलपरासी | कुखुरापालन | २०७५/७६ | |

| क्र.सं. | कार्यक्रमको नाम | ठेगाना | मुख्य बाली | निर्णय भएको वर्ष | कैफियत |
|---|---|---|---|---|---|
| ३ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | विजयनगर गा.पा. ५, कटुवा, कपिलवस्तु | माछापालन | २०७५/७६ | २०७७/७८ गरी लगातार २ वर्ष सञ्चालन नभएकोले |
| ४ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | बुटवल उप म.न.पा.- १५ र १६, रुपन्देही | गाई/भैसीपालन | २०७६/७७ | निर्णय भएर पनि दुई आ.व. कार्यान्वयन शुरुवात नै गर्न नसकेको |
| ५ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | सुस्ता गा.पा. ४, नर्सही, नवलपरासी | निर्णय नभएको तर कृषि तर्फ | २०७६/७७ | |

**(ङ) आ.व. २०७९/८०**

आ.व. २०७५/७६मा सञ्चालनमा आएका ५२ वटा मध्ये ४९ वटा स्मार्ट कृषि गाउँ कार्यक्रमहरु लगातार ४ वर्ष अवधि पुरा गरी समापन भई हस्तान्तरण प्रकृयामा गएको छ। आ.व. २०७६/७७ मा निर्णय भएको २ वटा कार्यक्रम रद्द भएपश्चात जम्मा ६४ वटा कार्यक्रमहरु सञ्चालन हुनु पर्नेमा चालू आ.व.मा ६२ वटा कार्यक्रमहरु यो वर्ष कार्यान्वयनमा जानका लागि बजेट तर्जुमा भएको थियो।

आ.व. २०७८/७९ मा कृषि तर्फ मुख्य बाली छनौट भई निर्णय तथा बजेट विनियोजन भएका ६० वटा स्मार्ट कृषि गाउँ कार्यक्रमहरुको सोही आ.व.मा भए/गरेका कामहरुको उपलब्धीहरु सङ्कलन गरी पुस्तिकामा ढालिएको छ।

# भाग-२ स्मार्ट कृषि गाउँ कार्यक्रमको उपलब्धीहरु (आ.व. २०७८/७९)

## १. रुपन्देही

वि.सं. २०७८ सालमा कृषि ज्ञान केन्द्र, रुपन्देहीको स्थापना भए पश्चात मात्र त्यहाँबाट देहायबमोजिमका कार्यक्रम कार्यान्वयनमा गएको थियो भने त्यो भन्दा अगाडि कृषि ज्ञान केन्द्र नवलपरासीबाट सञ्चालन भएको थिए।

### १.१ कार्यक्रमको परिचयात्मक विवरण

| क्र.स. | कार्यालयको नाम | संचालन भएको स्थान | बाली/ बस्तु | शुरुवात भएको आ.व. | कुल संलग्न घरधुरी | कुल योजना रकम रु. | कार्यालयको स्वीकृत अनुदान रकम रु. | कुल खर्च रकम रु. | कार्यालयको भुक्तानी रकम रु. | समितिको लागत साझेदारी रकम रु. | सम्बन्धित स्था.तहको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री तरैनी स्मार्ट कृषि स्मार्ट गाउँ कार्यक्रम कार्यान्वयन समिति | ओमसतिया गा.पा-५, रुपन्देही | धान र तरकारी | २०७५/७६ | ११० | २५१४००० | १२५७००० | १६६७५१२ | ८४८५४६ | ८१८९६९ | ० |
| २ | श्री सोनवर्षा स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | लु.स.न.पा-९, रुपन्देही | धान र तरकारी | २०७५/७६ | १४५ | ४५००००० | २२५०००० | ४१६७९८८ | १९९३५६६ | २१७४४२२ | ० |
| ३ | श्री मंगलपूर स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | तिलोत्तमा न.पा-१४, रुपन्देही | तरकारी | २०७५/७६ | १०० | ४५००००० | २२५०००० | ३७७८१८४ | १९२३१८८ | १८५४९९६ | ० |

| क्र.स. | कार्यालयको नाम | संचालन भएको स्थान | बाली/ बस्तु | शुरुवात भएको आ.व. | कुल संलग्न घरधुरी | कुल योजना रकम रु. | कार्यालयको स्वीकृत अनुदान रकम रु. | कुल खर्च रकम रु. | कार्यालयको भुक्तानी रकम रु. | समितिको लागत साझेदारी रकम रु. | सम्बन्धित स्था.तहको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | श्री समयमाई स्मार्ट कृषि गाँउ कार्यक्रम कार्यान्वयन समिति | मर्चवारी गा.पा-१, रुपन्देही | धान र तरकारी | २०७५/७६ | १४५ | ४५००००० | २२५०००० | ३१३६८३२ | १४६९०५७ | १६६७७७५ | ० |
| ५ | श्री स्मार्ट कृषि गाँउ कार्यक्रम कार्यान्वयन समिति | गैडहवा गा.पा.-७, रुपन्देही | तरकारी | २०७७/७८ | १०१ | ५३५७१४१ | ३७५०००० | ५२६२०१९ | ३५४८९१७ | १७१३१०२ | ० |
| ६ | श्री दोगहरी स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | सि.न.न.पा-१०, रुपन्देही | धान र तरकारी | २०७७/७८ | २५० | ५३५७४०० | ३७५०००० | ५१११९५२ | ३५०६५३४ | १६०५४१८ | ० |

आ.व. २०७८/७९ मा आ.व. ०७५/७६ का ६ मध्ये ४ र आ.व. ०७७/०७८ का ४ मध्ये २ निर्णय भएका कार्यक्रम सञ्चालन भई जम्मा ६ वटा स्मार्ट कृषि गाउँ कार्यक्रमहरुबाट ८५१ वटा घरधुरीहरुले सेवा प्राप्त गरेका छन् ।

## १.२ कम्पोनेन्ट अनुसारको उपलब्धीहरु

### (क) जलवायु स्मार्ट

सबै स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन भएको क्षेत्रमा कृषि सूचना केन्द्र स्थापना भइ सकेको छ।सूचना केन्द्र मार्फत कार्यक्रम व्यवस्थापनका सहयोग पुगेको र प्रविधि प्रसार तथा कृषकको तथ्याङ्क सङ्कलन जस्ता कार्यहरु प्रारम्भ भएको छ। नेपाल सरकारबाट

सिफारिस भएको धान तथा तरकारीका सुख्खा तथा खडेरी सहने उन्नत तथा हाइब्रिड जातहरुको बीउ प्रयोगमा ल्याइएको र सहजकर्ता मार्फत सूचना केन्द्रको काममा प्राभवकारिता ल्याउने प्रयास गरिएको पाइयो।

**(ख) सिँचाई स्मार्ट**

सिँचाई स्मार्ट अन्तर्गत यस कार्यक्रम मार्फत हालसम्म १६५ हेक्टर क्षेत्रफलमा सिँचाई विस्तार भएको छ। भने आ.व. २०७८/७९ मा तपसिल बमोजिमको संख्यामा सामाग्री वितरण तथा सिँचाई श्रोतहरु बनाइएको छ।

| विवरण | परिमाण संख्या | विवरण | परिमाण संख्या | विवरण | परिमाण संख्या |
|---|---|---|---|---|---|
| इलेक्ट्रिक पम्प | २९ | स्यालो बोरिगं जडान | ११ | डेलिभेरी पाइप (के.जी) | ४११४ |
| फिउल पम्प | २१७ | सक्सन.पा.इप फिट | ५२० | हजारी थान | १२० |
| स्पिलङ्कर सिँचाई सेट | १ | डिप बोरिगं जडान | २ | | |

**(ग) प्रविधि स्मार्ट**

प्रविधि स्मार्ट अन्तर्गत परम्परागत ज्ञानसिप र प्रविधिको संरक्षण गर्दै हालसम्म ३५५ जना कृषकले नयाँ तथा आधुनिक तरिकाबाट खेती गर्दै आएको तथा लागत न्यूनिकरण गर्न तपसिल बमोजिको संख्यामा यन्त्र उपकरणहरु तथा संरचना निर्माण भएको छ भने कष्टम हायरिङ्ग सेन्टर स्थापना भएको पाइएन।

| बाँसको प्लाष्टिक घर | मिनि टिलर | पावर टिलर | टाली | रिपर | थ्रेसर | च्याप कटर इलेक्ट्रिक | टेक्टर | धान कुट्ने मेसिन | सिड विन | बाँस काटने मेशिन चेन्सर | इलेक्ट्रिक स्प्रेयर | ड्रिल मेशिन बाँस गाड्ने | मल्चिङ्ग प्लाष्टिक रोल | ट्र्याक्टर अपरेटेड राइस हस्कर मिल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | ३७ | ३ | ० | ९ | १ | ११ | १ | ६७ | ८० | १ | ८२ | ३ | १९ | १ |

### (घ) खाद्य पोषक तत्व स्मार्ट

आ.व. २०७८/७९ मा १ पटक माटो शिविर सञ्चालन भएको छ भने बाली चक्र अपनाइ माटोको गुणस्तर सुधार्न प्रयास भएको तथा हरियो मलको रुपमा ढैचा प्रयोगमा ल्याइएका छन्। सँगसँगै दिगो माटो व्यवस्थापनको लागि प्राङ्गारिक मलको गुणस्तर व्यवस्थापन तथा अन्य देहाय बमोजिमको विभिन्न कार्यक्रमहरु समेत सञ्चालन भएको छ।

| माटो शिविर | प्राङ्गारिक मल | सूक्ष्म तत्व खरिद | भकारो सुधार |
|---|---|---|---|
| १ पटक | १.६ टन | ३७५० के.जि. | २ वटा |

### (ङ) बजार स्मार्ट

यस अन्तर्गत आ.व. २०७८/०७९ मा सङ्कलन केन्द्रको निर्माण नभएता पनि कार्यक्रम अन्तरगत त्रिपाल, डिजिटल तराजु तथा क्रेटको खरिद गरि नजिकको बजार सम्म सुरक्षितसाथ पुर्याइ बाली बस्तुको उचित मुल्य पाउन सफल भएका छन् । प्रशोधन केन्द्र स्थापना गर्न नसकिएको अवस्था छ।

| क्रेट | डिजिटल तराजु | इलेक्ट्रिक रिक्सा | त्रिपाल |
|---|---|---|---|
| १२० वटा | ३२ वटा | १ वटा | ११५ वटा |

### (च) अन्तरसम्बन्धित विषयहरु

आ.व. २०७८/७९ मा कृषकलाई कार्यक्रम मार्फत २ वटा तालिम तथा १ पटक प्रविधि अवलोकन भ्रमण समेत लगिएको पाइएको छ। बाली सम्बन्धी स्थलगत तालिम तथा कृषक सहजकर्ताले प्रबिधिक कुराहरुको जानकारीले गर्दा कृषकको कार्य क्षमतामा बृद्धि भएको, कृषकहरु एकआपसमा सहकार्य गरी खेती गर्न शूरु गरेका छन् । सह-सिकाइ गर्ने बानीको विकास भएको पाइएको छ । समग्रमा स्मार्ट कृषि गाउँ कार्यक्रममार्फत हालसम्म तपसिल बमोजिममा उपलब्धी पाउन सकिएको छ।

## २. कपिलवस्तु

कृषि ज्ञान केन्द्र, कपिलवस्तुबाट कृषि तर्फका आ.व. २०७८/७९ मा ६ वटा कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरिएता पनि कोईली स्मार्ट कृषि गाउँ कार्यक्रम, बाणगंगा न.पा. ९, जिनुवा-बर्दहवा, विराट स्मार्ट कृषि गाउँ कार्यक्रम, महराजगंज न.पा.- १० हरदौना र समयमाई स्मार्ट कृषि गाउँ कार्यक्रम, यशोधरा गा.पा.-७, सुलतनवापुर गरी ३ वटा हुन सकेन र तपसिल बमोजिमको ३ वटा स्मार्ट कृषि गाउँ कार्यक्रमहरु सञ्चालन भई केहि उपलब्धीहरु हासिल भएका छन्।

### १.१ परिचयात्मक विवरण

| क्र.स. | स्मार्ट कृषि गाउंको नाम | संचालन भएको स्थान | बाली/बस्तु | शुरुवात भएको आ.व. | कुल संलग्न घरधुरी | कुल योजना रकम रु. | कार्यालयको स्वीकृत अनुदान रकम रु. | कुल खर्च रकम रु. | कार्यालयको भुक्तानी रकम रु. | समितिको लागत साझेदारी रकम रु. | सम्बन्धित स्था. तहको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | एकता स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | शिवराज न.पा. १, उमरी | तरकारी | २०७५/७६ | १०५ | ४५००००० | २२५०००० | २५३६२६५ | १२६८१३२.५ | १२६८१३२.५ | ० |
| २ | सौरहा स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | कपिलवस्तु न.पा. १२, सौरहा | धान | २०७६/७७ | ६५ | ४९००००० | ३०००००० | २७०९१८६ | १६२५५११.६ | १०८३६७४.४ | ० |
| ३ | लोहरौला स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | कृष्णनगर न.पा. ८, लोहरौला | धान | २०७७ /७८ | ८४ | ५३५७१४० | ३७५०००० | ४५२९३२९ | ३१७०७३०.३ | १३५८७९९ | ० |

आ.व. २०७८/७९ मा जम्मा ३ वटा स्मार्ट कृषि गाउँ कार्यक्रमहरुबाट २५४ वटा घरधुरीहरुले सेवा प्राप्त गरेका छन् भने कूल विनियोजित बजेटको मात्र ६७.३८ प्रतिशत रकम खर्च भएको पाइयो।

## १.२ कम्पोनेन्ट अनुसारको उपलब्धीहरु

### (क) जलवायु स्मार्ट

सबै स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन भएको क्षेत्रमा कृषि सूचना केन्द्र स्थापना भइ सकेको छ। सूचना केन्द्रमा थर्मोमीटर, आद्रता मापक यन्त्र, कम्प्युटर सेट, प्रीन्टर, फोटोकपी, मल्टीमिडीया जस्ता सामाग्रीहरु व्यवस्थापन भइसकेकाले त्यसको प्रयोगबाट तथ्यांक अध्यावधिक हुनुको साथै मौसम सम्बन्धी जानकारी प्राप्त गर्न सहजता भएको छ। समग्र कृषि प्रविधि प्रसार कार्यक्रमहरु सञ्चालन तथा पहुँचमा सहज भएको र संस्थागत रुपमा/सामुहिक काम गर्ने बानीको प्रारम्भ भएको छ। नेपाल सरकारबाट सिफारिस भएको उन्नत तथा हाइब्रिड जातहरुको बीउ प्रयोगमा ल्याइएको र सहजकर्ता मार्फत सूचना केन्द्र सञ्चालनमा ल्याउने प्रयास गरिएको पाइयो।

### (ख) सिँचाई स्मार्ट

सिँचाई स्मार्ट अन्तर्गत यस कार्यक्रम मार्फत हालसम्म १४२ हेक्टर क्षेत्रफलमा सुदृढिकरण तथा निर्माण कार्यक्रम मार्फत सिँचाई विस्तार भएर आवश्यक भएको समयमा सिंचाई गर्न सहज भएको छ भने आ.व. २०७८/७९ मा तपसिल बमोजिमको संख्यामा सामाग्री वितरण तथा सिँचाई श्रोतहरु बनाइएको छ।

| बोरिङ्ग | हजारी | पानी तान्ने मोटर | पम्पसेट |
|---|---|---|---|
| ८ वटा | १०० वटा | १० वटा | ४८ वटा |

### (ग) प्रविधि स्मार्ट

प्रविधि स्मार्ट अन्तर्गत परम्परागत ज्ञानसिप र प्रविधिको संरक्षण गर्दै हालसम्म ५४३ जना कृषकले नयाँ तथा आधुनिक तरिकाबाट खेती गर्दै आएको तथा लागत न्यूनिकरण गर्न तपसिल बमोजिको संख्यामा यन्त्र उपकरणहरु तथा संरचना निर्माण भएको छ भने कष्टम हायरिङ्ग सेन्टर स्थापना भएको पाइएन।

| पावर टिलर | मिनी /पावर टिलर | सोलार ड्रायर | स्प्रेयर | रोटाभेटर | धान काट्ने रिपर | धान निफन्ने ई पंखा | कल्टीभेटर | ट्याक्टरको ट्रली |
|---|---|---|---|---|---|---|---|---|
| ३ वटा | ६ वटा | १ वटा | ७८ वटा | २ वटा | १ वटा | १ वटा | १ वटा | १ वटा |

### (घ) खाद्य पोषक तत्व स्मार्ट

विरुवालाई आवश्यक पर्ने सुक्ष्म तत्व प्राप्त हुनुको साथै समयमै रोगकीरा नियन्त्रण भई उत्पादन तथा उत्पादकत्वमा बृद्धि हुने गरी विभिन्न कृयाकलापहरु सञ्चालन भएका छन्। आ.व. २०७८/७९ मा १ पटक माटो शिविर सञ्चालन भएको छ।

| माटो शिविर | जैविक मल | सूक्ष्म तत्व खरिद |
|---|---|---|
| १ पटक | ३००० के.जि. | ४००० के.जि. |

### (ङ) बजार स्मार्ट

यस अन्तर्गत डिजिटल तराजु २ वटा तथा केहि क्रेटको खरिद गरि नजिकको बजार सम्म सुरक्षितसाथ पुर्याइ बाली बस्तुको उचित मुल्य पाउन सफल भएका छन् । प्रशोधन केन्द्र स्थापना गर्न नसकिएको अवस्था छ।

### (च) अन्तरसम्बन्धित विषयहरु

आ.व. २०७८/७९ मा कृषकलाई कार्यक्रम मार्फत २ वटा तालिम तथा १ पटक प्रविधि अवलोकन भ्रमण समेत लगिएको पाइएको छ।बाली सम्बन्धी स्थलगत तालिम तथा कृषक सहजकर्ताले प्रबिधिक कुराहरुको जानकारीले गर्दा कृषकको कार्य क्षमतामा बृद्धि भएको, कृषकहरु एकआपसमा सहकार्य गरी खेती गर्न शूरु गरेका छन् । सह-सिकाइ गर्ने बानीको विकास भएको पाइएको छ ।

## ३. रुकुम पूर्व

कृषि ज्ञान केन्द्र, रोल्पाबाट रूकुम जिल्ला हेर्दाको अवस्थामा आ.व. २०७५/७६ मा २ वटा र आ.व. २०७६/७७ मा १ वटा स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन सुरु गरिएको थियो । २०७७ सालमा एकिकृत कृषि तथा पशुपंछी विकास कार्यालय स्थापना भई त्यहिबाट कृषि र भेटेरीनरी सेवा प्रवाह भए पश्चात त्यहाँबाट सुन्तला मुख्य बाली तथा सहायक बाली अलैंची राखेर कृषि अन्तर्गत आ.व. २०७८/७९ मा १ वटा कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन भई केहि उपलब्धीहरु हासिल भएका छन्।

## १.१ परिचयात्क विवरण

| क्र .स | कार्यालयको नाम | संचालन भएको स्थान | बाली/वस्तु | शुरुवात भएको आ.व. | कुल संलग्न घरधुरी | कुल योजना रकम रु. | कार्यालयको स्वीकृत अनुदान रकम रु. | कुल खर्च रकम रु. | कार्यालयको भुक्तानी रकम रु. | समितिको लागत साझेदारी रकम रु. | सम्बन्धित स्थानीय तहको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्मार्ट कृषि गाउँ संचालन समिति | सिस्ने गा .पा. ७ र ८ स्यालापाखा | सुन्तला र अलैची | २०७५/०७६ | ६५ | ३९९४००० | २०८३००० | १४८८००० | १४८८००००. | ५९५०००० | |

आ.व. २०७८/७९ मा जम्मा स्मार्ट कृषि गाउँ कार्यक्रमहरुबाट ६५ वटा घरधुरीहरुले सेवा प्राप्त गरेका छन् भने कूल विनियोजित बजेटको मात्र ७१.४३ प्रतिशत रकम खर्च भएको पाइयो।

## १.२ कम्पोनेन्ट अनुसारको उपलब्धीहरु

### (क) जलवायु स्मार्ट

सबै स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन भएको क्षेत्रमा कृषि सूचना केन्द्र स्थापना भइ सकेको छ।सूचना केन्द्रमा कम्प्युटर सेट, प्रीन्टर, फोटोकपी, मल्टीमिडीया जस्ता सामाग्रीहरु व्यवस्थापन भइसकेकाले त्यसको प्रयोगबाट तथ्यांक अध्यावधिक गर्न सहजता भएको छ। समग्र कृषि प्रविधि प्रसार कार्यक्रमहरु सञ्चालन तथा पहुँचमा सहज भएको र संस्थागत रुपमा/सामुहिक काम गर्ने बानीको प्रारम्भ भएको छ। नेपाल सरकारबाट सिफारिस भएको उन्नत तथा हाइब्रिड जातहरुको बीउ प्रयोग तथा जलबायु अनुकुलन कृषि प्रणालीको सुरुवातमा ल्याइएको र सहजकर्ता मार्फत सूचना केन्द्र सञ्चालनमा ल्याउने प्रयास गरिएको पाइयो।

### (ख) सिँचाई स्मार्ट

सिँचाई स्मार्ट अन्तर्गत यस कार्यक्रम मार्फत सिमेन्टेड पोखरी निर्माण, १० के.जी. प्रेसर HDP पाईप (१६ mm, २०mm, २५mm र ३२mm ) खरिद, स्प्रिङकल सिँचाईको प्रयोग गर्ने जस्ता कृयाकलापहरु कार्यान्वयन भई हालसम्म ४० हेक्टर क्षेत्रफलमा सिँचाई

विस्तार भएर आवश्यक भएको समयमा सिंचाई गर्न सहज भएको छ भने आ.व. २०७८/७९ मा सिँचाईका लागि पानी सङ्कलन गर्न ३ वटा हिल टंकी खरिद गरिएको छ।

**(ग) प्रविधि स्मार्ट**

प्रविधि स्मार्ट अन्तर्गत परम्परागत ज्ञानसिप र प्रविधिको संरक्षण गर्दै आ.व. २०७८/७९ मा स्प्रेयर ब्याट्रिवाला, आरी, सिकेचर, निलोतुथो र चुन प्रयोग गरी बगैंचा व्यवस्थापन गर्ने सामाग्री खरिद गरिएको तथा लागत न्यूनिकरण गर्नका लागि ३ वटा मिनिटिलर खरिद गरिएको छ।

**(घ) खाद्य पोषक तत्व स्मार्ट**

विरुवालाई आवश्यक पर्ने मल समयमै राखी उत्पादकत्वमा बृद्धि हुने उद्देश्य सहित आ.व. २०७८/७९ मा भर्मिमल उत्पादनका लागि भर्मि कम्पोष्ट बनाइएको छ। यसमा गड्यौला उत्पादन पनि गरिएका छन्। जैविक मल तथा विषादी उत्पादन सम्बन्धी तालिम सञ्चालन भएको छ भने बनाउन आवश्यक सामाग्रीहरु खरिद तथा वितरण गरिएको छ।

**(ङ) बजार स्मार्ट**

यस अन्तर्गत पलाष्टिक क्रेट १०० वटा, डिजिटल तराजु ५ वटा तथा ३ वटा सेलार स्टोर बनेका छन् जसमा ३ देखि ४ महिना सम्मा सुरक्षित भण्डारण गर्न कृषक सफल पनि भएका छन्।

**(च) अन्तरसम्बन्धित विषयहरु**

आ.व. २०७८/७९ मा कृषकलाई कार्यक्रम मार्फत बाली सम्बन्धी स्थलगत तालिम तथा सहजकर्ताले प्रबिधिक कुराहरुको जानकारी लिने, कार्यक्रम सार्वजनिकरण, सार्वजनिक सुनुवाई तथा महिला हिंसा सम्बन्धी १ दिने सचेतनामुलक गोष्ठी सञ्चालन भएका छन् । सुन्तला तथा अलैंचीको बगैंचा व्यवस्थापन सम्बन्धी ३ दिने तालिम पनि सम्पन्न भएको छ। सह-सिकाइ गर्ने बानीको विकास भएको पाइएको छ।

## ४. बर्दिया

एकिकृत कृषि तथा पशुपंछी विकास कार्यालय, बर्दिया मार्फत आ.व. २०७८/७९ मा जम्मा ८ वटा कार्यक्रम सञ्चालन भएकोमा कृषि तर्फका ४ वटा तपसिल बमोजिमको स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन भई तल उल्लेखित प्रगति गरिएको पाइयो।

## १.१ परिचयात्क विवरण

| क्र.स. | कार्यालयको नाम | संचालन भएको स्थान | बाली/बस्तु | शुरुवात भएको आ.व. | कुल संलग्न घरधुरी | कुल योजना रकम रु. | कार्यालयको स्वीकृत अनुदान रकम रु. | कुल खर्च रकम रु. | कार्यालयको भुक्तानी रकम रु. | समितिको लागत साझेदारी रकम रु. | सम्बन्धित स्था. तहको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | धोविया स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | बारबर्दिया न.पा. ५,बर्दिया | बसन्ते मकै/ तरकारी | २०७७/७८ | ८३ | ५३५८००० | ३७५०००० | ४४७९००० | २९८३००० | १६०८००० | ० |
| २ | स्मार्ट कृषि गाउँ कार्यान्वयन समिति | राजापुर गा.पा. ५,बर्दिया | धान र बसन्ते मकै | २०७५/७६ | ५० | १२२४००० | ६१२००० | १०५७००० | ५४०००० | ६१२००० | ० |
| ३ | स्मार्ट कृषि गाउँ कार्यान्वयन समिति | गुलरिया न.पा. ४ बर्दिया | तरकारी र बसन्ते मकै | २०७५/७६ | १०९ | ४५०२००० | २२५०००० | ४०३९००० | १९९३००० | २२५०००० | ० |
| ४ | बकोटिया स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | बढैयाताल गा.पा. ७ बर्दिया | आलु/ बसन्ते मकै | २०७५/७६ | ५५ | १५२०००० | ७६०००० | ७११००० | ४४१००० | ७६०००० | ० |

### १.२ कम्पोनेन्ट अनुसारको उपलब्धीहरु

### (क) जलवायु स्मार्ट

यस अन्तर्गत नयाँ मौसमी प्रतिकुलता सहन सक्ने जात तथा प्रविधि प्रयोग भएको छ। जलवायु पुर्व अनुमान अनुसार खेति ब्यबस्थापन गर्ने बानीको विकास पुर्णरुपमा सबै कृषकमा लागु चाहिँ हुन नसकेता पनि सुचना केन्द्र स्थापना भई संचालनमा छ। सुचना प्रविधि प्रचारप्रसारको काम पनि भइरहेको छ। जस्तैः बेमौसमी तरकारी उत्पादनका लागि अस्थायी नर्सरी स्थापना तथा उपकरण खरिद गरी विभिन्न तरकारीका करिब १०००० बेर्ना उत्पादन भएको, गाउँमा ईन्टरनेट जडान भएपछि प्रविधि मैत्री बन्दै किसान, बाली पात्रो प्रकाशन भएको हुदाँ कृषकलाई समयअनुसारको खेती गर्न तथा बाली भित्र्याउनलाई सहज, आदि।

### (ख) सिँचाई स्मार्ट

यस अन्तर्गत हालसम्म जिल्लामा १५८ हे. सिँचाईको क्षेत्रफल विस्तार भएको छ। आ.व. २०७८/७९ मा तपसिल बमोजिमको काममा सहयोग भएको पाइयो।

| मोटर | पम्पसेट | बोरिगं जडान | हजारी |
|---|---|---|---|
| ४२ वटा | ६ वटा | १५ वटा | ३३ वटा |

### (ग) प्रविधि स्मार्ट

यस कम्पोनेन्ट अन्तर्गत आ.व. २०७८/७९ मा तपसिल बमोजिमको विभिन्न कृषि यन्त्र उपकरण/मेशिन र उन्नत प्रविधिहरु प्रयोग गरी आधुनिक खेती हुदै आएको र उत्पादन लागत घटेको देखिएको छ।

| बाँसको टनेल | पावर टिलर | रिपर | स्प्रे टंकी | ज्याब प्लान्टर | मिनिटिलर | मकै छोडाउने मेसिन | रोटाभेटर | धान बताउने हाते पंखा | इलेक्ट्रोनिक पंखा | त्रिपाल |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ वटा | ११ वटा | ११ वटा | ८२ वटा | २१ वटा | ४ वटा | ३ वटा | १ वटा | १ वटा | १ वटा | ३५ वटा |

### (घ) खाद्य पोषकतत्व स्मार्ट

यस अन्तर्गत कृषकहरुलाई विरुवालाई आवश्यक पर्ने खाद्यतत्वको महत्वको अवगत गराई विभिन्न किसिमका प्राङ्गारिक तथा रासायनिक मलको सिफारिस मात्रामा प्रयोगमा गर्ने, सुक्ष्म तत्व प्रयोग सिकाउने जस्ता उत्पादन तथा उत्पादकत्वमा बृद्धि गर्ने खालका विभिन्न कृयाकलापहरु सञ्चालन भएका छन्। उदाहरणका लागि, माटो शिविर सञ्चालन- १ पटक, १०२० के.जी. जिंक खरिद गरी धानमा लाग्ने खैरा रोग नियन्त्रण गर्ने, ७०० के.जि. अन्य सूक्ष्म तत्व प्रयोग गरेको, आदि।

### (ङ) बजार स्मार्ट

यस अन्तर्गत तरकारीको उत्पादन राम्रो भएकाले १५० थान क्यारेट खरिद ढुवानीमा सहयोग गरिएको, यसै बर्ष कोल्ड स्टोरमा ७४ क्वीन्टल वीउ आलु स्टोर गर्न राखिएको, धानको बिज वृद्धि भएकाले त्यसको वजारिकरणमा सहयोग गरिएको छ।

### (च) अन्तर्सम्बन्धित विषयहरु

यस अन्तर्गत पारदर्शिता, सुशासन, अनुसाशन, सामूहिक कार्य र संस्थागत रुपमा काम गर्ने बानी विकास भएको छ। आ.व. २०७८/७९ मा कृषि सहजकर्ताको पारिश्रमिक, प्रोफाइल प्रकाशन र उपलब्धी प्रकाशन जस्ता कार्यहरु सम्पन्न भएका छन्।

## ५. रोल्पा

आ.व. २०७८/७९ मा कृषि ज्ञान केन्द्र, रोल्पाबाट ६ वटा स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन भई सञ्चालन भयो जसबाट तपसिल बमोजिम उपलब्धीहरु हासिल भए।

## १.१ परिचयात्मक विवरण

| क्रस. | कार्यालयको नाम | संचालन भएको स्थान | बाली / बस्तु | शुरुवात भएको आ.व. | कुल संलग्न घरधुरी | कुल योजना रकम रु. | कार्यालयको स्वीकृत अनुदान रकम रु. | कुल खर्च रकम रु. | कार्यालयको भुक्तानी रकम रु. | समितिको लागत साझेदारी रकम रु. | सम्बन्धित स्थानीय तहको साझेदारी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री जेल्वाङ्ग स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | सुनछहरी गा पा.७. जेलवाङ्ग | भटमास ,मसलाबाली र तरकारी बाली उत्पादन | २०७६/७७ | ८० | ५०००००० | ३०००००० | ४८५७०१० | २४१०००० | २०००००० | ० | |
| २ | श्री घोडागाउँ स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | सुनिलस्मृति गा पा.१. घोडागाउँ | मसलाबाली , बाखा र तरकारी बाली | २०७५/७६ | २०० | ४५००००० | २२५०००० | ४०४८००. | ० | २२५०००० | ० | भुक्तानी हुन बाँकी। |
| ३ | श्री परिवर्तन स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | परिबर्तन गाँउपालिका ५ जुमाराङ्गसी, रोल्पा | लसुन र दलहन बाली उत्पादन | २०७७/७८ | ८० | ५३५०००० | ३७५०००० | ३६५६००. | ० | १६१३००० | ३३६००० | भुक्तानी हुन बाँकी। |
| ४ | श्री लुंग्री स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | लुग्री गा.पा. ४ ठुलो नम्जा | तरकारी बाली र कोदो उत्पादन | २०७७/७८ | १०० | ५२८२००० | ३७५०००० | ५२६२१२. | ० | १५३२००० | ० | भुक्तानी हुन बाँकी। |
| ५ | श्री त्रीवेणी स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | त्रिवेणी गा.पा. ४ बुढागाउँ | तरकारी बाली | २०७७/७८ | २८० | ५०००००० | ३०००००० | ३१७५५०. | ० | २०००००० | ० | भुक्तानी हुन बाँकी। |

| क्रस. | कार्यालयको नाम | संचालन भएको स्थान | बाली / बस्तु | शुरुवात भएको आ.व. | कुल संलग्न घरधुरी | कुल योजना रकम रु. | कार्यालयको स्वीकृत अनुदान रकम रु. | कुल खर्च रकम रु. | कार्यालयको भुक्तानी रकम रु. | समितिको लागत साझेदारी रकम रु. | सम्बन्धित स्थानीय तहको साझेदारी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | श्री जिनावाङ्ग स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | गंगादेव गा पा ३. जिनाबाङ्ग, रोल्पा | आलु र रायोको बिउ उत्पादन | २०७५/७६ | ११३ | ४५००००० | २२५०००० | ४०४८३०० | १८०४८०० | २२५०००० | ० | |

आ.व. २०७८/७९ मा CGAS मा आएको प्राविधिक समस्याका कारणले ४ वटा स्मार्ट कृषि गाउँ कार्यक्रमको काम गरेर पनि भुक्तानी हुन सकेको थिएन।

## १.२ कम्पोनेन्ट अनुसारको उपलब्धीहरु

### (क) जलवायु स्मार्ट

यस अन्तर्गत सबै स्मार्ट गाउँमा कृषि सुचना केन्द्र स्थापना भई ईन्टरनेट सेवा सुचारु गरी यसैबाट प्रगति पठाउने र तथ्याङ्क व्यवस्थापन गर्ने कामहरु भएको साथै सूचना प्रविधि प्रचारप्रसारको काम पनि भइरहेको छ। केहि स्मार्टमा माटो चिस्यान मापन यन्त्र, वर्षा मापन यन्त्र खरिद तथा प्रयोग गर्ने कामहरु पनि भएका छन्। ।जलवायू अनुकूलन हुने बाली तथा जात छनौट गरी खेती गर्ने बानीको विकास भयो ।

### (ख) सिँचाई स्मार्ट

सिँचाई अन्तर्गत हालसम्म ७३ हे. क्षेत्रफलमा सिँचित क्षेत्रफल विस्तार भएको छ। यस अन्तर्गत आ.व. २०७८/७९ मा २५ हे. क्षेत्रफलमा सिँचाई पुग्ने गरी तल उल्लेखित कामहरु भएको पाइएको छ।

| सिँचाई पोखरी | पुरानो पोखरी ढलान | सिंचाइ पाइप मि. | लिफ्ट सिंचाइ |
|---|---|---|---|
| १३ वटा | ९ वटा | ८२०० | १ वटा |

**(ग) प्रविधि स्मार्ट**

यस अन्तर्गत तल उल्लेखित बमोजिम बेमौसमी तरकारी खेतीका लागि संरचना निर्माण गर्ने, साना कृषि यन्त्र/उपकरण वितरण गर्ने जस्ता कामहरु भएको पाइन्छ।

| मिनिटिलर | फिक्स टनेल | स्प्रे टंकी | थोपा सिँचाई सेट | हजारी | ज्याप सिडर |
|---|---|---|---|---|---|
| १४ थान | ५ वटा | १२० वटा | ३ | ५० थान | ३ वटा |

**(घ) खाद्य पोषण स्मार्ट**

यस अन्तर्गत माटो परिक्षणबाट खेतियोग्य जमिनमा खाद्यतत्व अवस्थाबारे जानकारी दिने र सुधार गर्ने, भकारो सुधारद्धारा पिसाब संकलन गरी बालीमा प्रयोग गर्ने र रोगकिराको व्यवस्थापनमा प्रयोग गरी समग्रमा माटोको उर्वराशक्ति वढाउने खालका कामहरु भएका छन्।

| माटो उपचार शिविर | भकारो सुधार | भर्मि कम्पोष्ट खाडल निर्माण | प्राङ्गारिक मलको प्रयोग टनमा | सामुहिक गोठ |
|---|---|---|---|---|
| १ पटक | ९९ वटा | ४ वटा | ४० | २ वटा |

**(ङ) बजार स्मार्ट**

यस अन्तर्गत उत्पादित बालीबस्तुको बजारिकरणमा सहयोगका लागी ३० वटा क्यारेट खरिद, लोगो सहितको बोरा खरिद, स्याउ प्याकेजिङ्गको लागि लोगो सहितको कार्टुन छपाई, ५ वटा डिजिटल तराजु खरिद जस्ता कामहरु सञ्चालन भएका छन्।

**(च) अन्तर्सम्बन्धित विषयहरु**

यस अन्तर्गत सहकर्ताको पारिश्रमिक व्यवस्थापन तथा परिचालन, कृषि प्रविधि अवलोकन भ्रमण २ वटा, कृषक क्षमता अभिवृद्धि तालिम ५ वटा सञ्चालन तथा उत्कृष्ट कृषक पुरस्कार वितरण जस्ता कृयाकलापहरु भएका छन् ।

## ६. प्युठान

आ.व. २०७८/७९ मा एकिकृत कृषि तथा पशुपंछी विकास, प्युठानबाट ९ वटा स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन भई सञ्चालन भयो । यस मध्ये तपसिल बमोजिमको ५ वटा स्मार्ट कृषि गाउँमा कृषि बाली प्रमुख बालीको रुपमा लिइएको थियो जसबाट तपसिल बमोजिमका ४ वटा कार्यक्रम मात्र सञ्चालन भई उपलब्धीहरु हासिल भए।

### १.१ परिचयात्मक विवरण

| क्र.स. | कार्यालयको नाम | संचालन भएको स्थान | बाली / बस्तु | शुरुवात भएको आ.व. | कुल संलग्न घरधुरी | कुल योजना रकम रु. | कार्यालयको स्वीकृत अनुदान रकम रु. | कुल खर्च रकम रु. | कार्यालयको भुक्तानी रकम रु. | समितिको लागत साझेदारी रकम रु. | सम्बन्धित स्था तहको. साझेदारी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मरन्ठाना स्मार्ट कृषि गाउँ कार्यक्रम | प्यूठान न. पा. ९,१० | तरकारी/ फलफूल | २०७५/७६ | ९१ | ५९५२०००.० | २२५००००.० | ५९५२००० | २१५६१५० | १२०२०० | २५००००० | |
| २ | जनप्रिय स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | मल्लरानी गा.पा. २ कुडारा | तरकारी | २०७७/७८ | ५८ | ६६३१००० | ३७५००००.० | ६६३१००० | ०००. | ८८१५८० | २०००००० | भुक्तानि हुन वाँकि |
| ३ | मर्कावाङ स्मार्ट कृषि गाउँ कार्यक्रम | माण्डवी गा. पा.२ | तरकारी | २०७७/७८ | ६१ | ६४६६०००.० | ३७५००००.० | ६४६६००० | ३४८३४६० | ७१६००० | २०००००० | |

| क्र.स. | कार्यालयको नाम | संचालन भएको स्थान | बाली / बस्तु | शुरुवात भएको आ.व. | कुल संलग्न घरधुरी | कुल योजना रकम रु. | कार्यालयको स्वीकृत अनुदान रकम रु. | कुल खर्च रकम रु. | कार्यालयको भुक्तानी रकम रु. | समितिको लागत साझेदारी रकम रु. | सम्बन्धित स्था तहको. साझेदारी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | बिजुलीकोट स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | ऐरावती गा.पा.-६ | तरकारी | २०७७/७८ | ६६ | ५४५२००० | ३७५०००० | ५४५२००० | ० | ७१६००० | ८५१००० | भुक्तानि हुन बाँकि |

आ.व. २०७८/७९ मा CGAS मा आएको प्राविधिक समस्याका कारणले जनप्रिय स्मार्ट कृषि गाउँ कार्यक्रम र बिजुलीकोट स्मार्ट कृषि गाउँ कार्यक्रमको काम गरेर पनि भुक्तानी हुन सकेको थिएन।

## १.२ कम्पोनेन्ट अनुसारको उपलब्धीहरु

### (क) जलवायु स्मार्ट

यस अन्तर्गत सुचना केन्द्र स्थापना भई संचालनमा छ। आ.व. २०७८/७९ मा सूचना केन्द्र इन्टरनेट सुविधा युक्त सेवा, माजलबायु मैत्री कार्यक्रम प्रचार प्रसार (सूचना मुलक) कार्यक्रम, होर्डिङ वोर्डङ मार्फत प्रविधि प्रचारप्रसारको काम, १ सेट मौसम मापन यन्त्र उपकरण जडान गर्ने, बेमौसमी उत्पादनका लागि फलामका प्लास्टिक घर निर्माण गरी खेती गर्ने जस्ता कामहरु पनि भइरहेको छ।

### (ख) सिँचाई स्मार्ट

यस अन्तर्गत सिँचाईका पानी सङ्कलन गर्ने पक्की पोखरी निर्माण, कुलो निर्माण र मर्मत, पानी तान्ने मोटर वितरण, तथा थोपा सिँचाई प्रविधि प्रशारणका कामहरु भएको पाइयो।

| सिंचाई पाईप | कूलो मर्मत | पक्की पोखरी निर्माण | कुलो निर्माण | पानी तान्ने मोटर | थोपा सिँचाई सेट |
|---|---|---|---|---|---|
| ६०१५ मिटर | १०८० मिटर | ९ वटा | २००० मिटर | २ वटा | १२८ थान |

**(ग) प्रविधि स्मार्ट**

यस अन्तर्गत आ.व. २०७८/७९ मा पुराना बाँसको टनेल व्यवस्थापनका लागि सिल्पाउलिन प्लाष्टिक वितरण, संरक्षित संरचना (बासको टनेल/फलामको प्लाष्टिक टनेल) निर्माण तथा त्यस सम्बन्धी प्रविधि हस्तान्तरण, मल्चिङ्ग प्लाष्टिकको प्रयोग, यन्त्र/उपकरणको प्रयोग गर्ने, गुमोज्जमा बेमौसमी तरकारी विरुवा उत्पादन गर्ने कामहरु जस्ता कामहरु भएका छन्।

| सिल्पोलिन प्लाष्टिक (९० GSM) | बाँसको प्लाष्टिक घर | फलामको प्लाष्टिक घर | मिनिटिलर | मल्चीङ्ग प्लाष्टिक | स्प्रेयर |
|---|---|---|---|---|---|
| १६ थान | ६३ वटा | १५ वटा | ५० थान | १०० रोल | ६१ वटा |

**(घ) खाद्य पोषण स्मार्ट**

यस अन्तर्गत ६२ वटा भकारो सुधारका कामहरु भएको र ३ वटा भर्मिकम्पोष्ट पिट निर्माण भएको साथै सूक्ष्म तत्व तथा विषादी खरिद तथा वितारणको काम गरिएका छ।

**(ङ) बजार स्मार्ट**

यस अन्तर्गत ८ वटा डिजिटल तराजु (१०० के.जी. क्षमता) खरिद तथा वितरण अनि बजारिकरणमा क्षति न्युनिकरणका लागि सामाग्रीहरु जस्तै क्यारेट खरिद गरिएको छ।

**(च) अन्तर्सम्बन्धित विषयहरु**

कृषकको क्षमता अभिवृद्धिका कार्यक्रम, प्रविधि प्रसारका लागि सहजकर्ता परिचालनका कार्यक्रमहरु यस अन्तर्गत सञ्चालन गरिएको छ।

| तरकारी खेती सम्बन्धी स्थलगत तालिम | प्रविधि अवलोकन भ्रमण |
|---|---|
| १० | १ |

## ७. नवलपरासी (ब.सु.प.)

आ.व. २०७८/७९ मा कृषि ज्ञान केन्द्र, नवलपरासीबाट ४ वटा स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन भएता पनि निर्देशक समितिबाट १ वटा कार्यक्रम रद्द भई ३ वटा मात्र सञ्चालनमा गयो र त्यसबाट तपसिल बमोजिम उपलब्धीहरु हासिल भए।

१.१ परिचयात्मक विवरण

| क्र.स. | कार्यालयको नाम | संचालन भएको स्थान | बालीबस्तु/ | शुरुवात भएको आ.व. | कुल संलग्न घरधुरी | कुल योजना रकम रु. | कार्यालयको स्वीकृत अनुदान रकम रु. | कुल खर्च रकम रु. | कार्यालयको भुक्तानी रकम रु. | समितिको लागत साझेदारी रकम रु. | स्थानीय तहको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | धनेवा स्मार्ट कृषि गाउ कार्यक्रम कार्यान्वयन समिति | बर्दघाट न.पा. १३ धनेवा | धान, तोरी | २०७५/७६ | ६६ | ४४९९७७५ | २२४९९८६ | २०९५३२८ | ९८७४८४ | ११०७८४४ | 0 |
| २ | सुक्रौली स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | रामग्राम न.पा. १५ सुक्रौली | धान, गहुँ | २०७५/७६ | १८० | ४४९९७७५ | २२४९९८६ | ३१९२४०९ | १४६६४०५ | १७२६००४ | 0 |
| ३ | स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | पाल्हीनन्दन गा.पा. ५ गेर्मी | तरकारी | २०७६/७७ | ११० | ४९९९७७१ | २९९९८३४ | ४४६६०६९ | २४५३९९२ | २०१२०७७ | 0 |

### १.२ कम्पोनेन्ट अनुसारको उपलब्धीहरु

### (क) जलवायु स्मार्ट

यस अन्तर्गत स्मार्ट कार्यक्रम सञ्चालनका लागि संस्थागत काम गर्ने परिपाटी सिकाउने उद्देश्य स्थापना भएका गरिएको कृषि सूचना केन्द्रको थप फर्निचर लगायतका सामाग्री व्यवस्थापन भएको गर्ने र इन्टरनेटमार्फत प्रविधि तथा प्राविधिक कार्यालयसँग जोडिने काम भएको पाइयो। नयाँ मौसमी प्रतिकुलता सहन सक्ने जात तथा प्रविधि प्रयोग भएको छ। सुचना प्रविधि प्रचारप्रसारको काम पनि भइरहेको छ।

**(ख) सिँचाई स्मार्ट**

| पम्पसेट | इलेक्ट्रिक मोटर | डेलिभेरी पाइप | कृषि मिटर जडान | सेक्सन.पा.इप |
|---|---|---|---|---|
| ७३ थान | २७ थान | ३५०० के.जि. | १४ थान | २२० फिट |

सुरुमा जम्मा ९८ हेक्टर क्षेत्रफलमा पहिले सिँचाई पहुँच पुगेको कार्यक्रम लागू भएका क्षेत्रमा हालसम्म सिँचाई विस्तार १४२ हेक्टर क्षेत्रफल विस्तार हुन सफल भएको छ।

**(ग) प्रविधि स्मार्ट**

यस अन्तर्गत कृषि यान्त्रिकरणमा टेवा पुग्ने गरी कृषि यन्त्र/उपकरणहरु खरिद गरी प्रयोग र नयाँ नेपाली जातका बालीहरु लगाइएको पाइयो।

| ज्याप प्लान्टर | सिड ड्रिल | पावर टिलर | चार्चर स्प्रेयर | मकै छोडाउने मेशिन | च्याफ कटर | मिनि टिलर | रिपर | त्रिफल | स्प्रेयर |
|---|---|---|---|---|---|---|---|---|---|
| २३ वटा | १ वटा | १ वटा | १६४ वटा | ५ वटा | ११ वटा | ६ वटा | ३ वटा | ३० वटा | २५ वटा |

**(घ) खाद्य तथा पोषण स्मार्ट**

यस अन्तर्गत विशेष गरी विरुवाको खाद्य आवश्यकता पूरा गर्नका लागि प्राङ्गारिक मल तथा जैविक मलको प्रयोग, सूक्ष्म तत्वको प्रयोग तथा माटो सुधारका लागि आवश्यक कृयाकलापहरु गरिएको छ। बाली संरक्षणका लागि विषादी खरिद तथा वितरणका कामहरु पनि यस मार्फत गरिएको छ।

| जैविक मल | कृषि चून | जिङ्ग ग्रिन गोल्ड | सल्फर | बोरन | सूक्ष्म तत्व |
|---|---|---|---|---|---|
| ६०७५ के.जि. | १५ मे.टन | २४२० के.जि. | ४०० के.जि. | २०० के.जि. | २० लि. |

**(ङ) बजार स्मार्ट**

यस अन्तर्गत भएका गोदाम घरमा व्यवस्थापनका काम भएको, डिजिटल ब्यालेन्स ११ थान खरिद गरिएको र ३०२ बोरा आलु स्टोरमा राख्नका लागि बोरा खरिद तथा ढुवानी सहयोग गरिएको पाइयो।

**(च) अन्तर्सम्बन्धित विषयहरु**

कृषकको क्षमता अभिवृद्धिका १ पटक तालिम कार्यक्रम र १ पटक अन्तर स्मार्ट भ्रमण, उत्कृष्ट पुरस्कार कार्यक्रम, धान दिवस मनाउने काम तथा प्रविधि प्रसारका लागि सहजकर्ता परिचालनका कार्यक्रमहरु यस अन्तर्गत सञ्चालन गरिएको छ।

## ८. बाँके

आ.व. २०७८/७९ मा कृषि ज्ञान केन्द्र, बाँकेबाट ५ वटा स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन भई सबै सञ्चालन भयो जसबाट तपसिल बमोजिम उपलब्धीहरु हासिल भए।

### १.१ परिचयात्मक विवरण

| क्र.स | कार्यालयको नाम | संचालन भएको स्थान | बाली/वस्तु | शुरुवात भएको आ.व. | कुल संलग्न घरधुरी | कुल योजना रकम रु. | कार्यालय को स्वीकृत अनुदान रकम रु. | कुल खर्च रकम रु. | कार्यालय को भुक्तानी रकम रु. | समितिको लागत साझेदारी रकम रु. | सम्बन्धित स्था. तहको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बेलास्पूर कर्मोहना स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | नेपालगन्ज उपमहानगरपालिका- १२, बेलास्पूर, बाँके | धान,मकै, आलु,गहुँ | २०७५/ ७६ | ७० | ४४१२००० | २२०५००० | ३४३६०६७ | १६८०२९६ | १६८१७७१ | 0 |
| २ | सितापूर स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | खजुरा गाउँपालिका- ०२,बाँके | धान, 'मकै ,तरकारी, आलु, मूंगमास/ | २०७५/ ७६ | १२७ | ४५२०००० | २२५०००० | ४२६१७८८ | २०३१०८० | २२३०७०८ | १०००००० |
| ३ | श्री बैजनाथ स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | बैजनाथ गाउँपालिका- ०४, तिलाककपूर, बाँके | तरकारी,मकै ,धान,गहुँ, तोरी | २०७५/ ७६ | १०२ | ४५५३३०० | २२५०००० | ३२५२६८४ | १५८६६५९ | १६६६०२५ | १७००००० |

| क्र.स | कार्यालयको नाम | संचालन भएको स्थान | बाली/वस्तु | शुरुवात भएको आ.व. | कुल संलग्न घरधुरी | कुल योजना रकम रु. | कार्यालय को स्वीकृत अनुदान रकम रु. | कुल खर्च रकम रु. | कार्यालय को भुक्तानी रकम रु. | समितिको लागत साझेदारी रकम रु. | सम्बन्धित स्था. तहको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | खड्कवार स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | कोहलपूर नगरपालिका-१२,खड्कवार, बाँके | धान,मकै,गहुँ | २०७५/ ७६ | २०३ | ४५०६४१९ | २२५०००० | २९५१८५० | १४४९०१८ | १५०२८३२ | ० |
| ५ | रासिसोनारी स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | रासिसोनारी गाउँपालिका-०७, बाँके | मकै,धान, आलु | २०७५/ ७६ | १०७ | ४५०२१५० | २२५०००० | ४३२३९५३ | २१३३१६६ | २१९०७८७ | 0 |

## १.२ कम्पोनेन्ट अनुसारको उपलब्धीहरु

### (क) जलवायु स्मार्ट

यस अन्तर्गत नयाँ मौसमी प्रतिकुलता सहन सक्ने जात तथा प्रविधि प्रयोग भएको छ। जलवायु पुर्व अनुमान अनुसार खेति ब्यबस्थापन गर्ने बानीको विकास, बाली पात्रो छपाई वितरण गरेको, जलवायु मैत्री बाली उत्पादन तथा व्यवस्थापन तालिम दिई मौसम अनुसार खेति गर्ने बिषयमा जानकारी गराई बालि नोक्सानी कम गर्ने प्रयास भएको छ। स्थापना भएका सुचना केन्द्र संचालनमा छ। सूचना केन्द्रमा इन्टरनेट जडान गरिएको हुँदा त्यहाँबाट जो कोहि कृषकले सुचना प्रविधि सम्बन्धी जानकारी लिने काम पनि भइरहेको छ।

### (ख) सिँचाई स्मार्ट

यस अन्तर्गत हालसम्म ३०२ हे. क्षेत्रफलमा सिँचाई पहुँच विस्तार भएकोले कृषि कर्म गर्न सहज भएको छ। सिँचाई क्षेत्र विस्तारका लागि तपसिल बमोजिम सहयोग भएको पाइएको छ।

| बोरिङ्ग (स्यालो/डिप) | पम्पसेट | मोटर | डेलिभेरी पाइप | कूलो निर्माण |
|---|---|---|---|---|
| २६ वटा | १९ वटा | १८ वटा | ९४५ के.जि. | २९२ मिटर |

### (ग) प्रविधि स्मार्ट

प्रविधि स्मार्ट अन्तर्गत यान्त्रिकरणका प्रविधिहरु सिकाउन र लागत घटाउनका लागि विभिन्न किसिमका यन्त्र/उपकरणहरु खरिद गरी प्रयोगमा ल्याइएको छ। ढुवानी साधन खरिद गरिएकोले ढुवानीमा सहजिकरण भएको पाइएको छ।

| ट्रयाक्टर | रोटाभेटर | रिपर | स्प्रे टंकी | मिनि टिलर | पावर टिलर | थ्रेसर | कष्टम हायरिङ्ग सेन्टर |
|---|---|---|---|---|---|---|---|
| १ वटा | १ वटा | १ वटा | ७४ वटा | १३ वटा | २२ वटा | २ वटा | १ वटा |

### (घ) खाद्य पोषक तत्व स्मार्ट

किसानहरुलाई जैविक तथा प्राङ्गारिक मलको बारे र सुरक्षित बिषादी प्रयोगको बारे जानकारी गराई त्यस्ता सामाग्री प्रयोग गर्न प्रोत्साहन गरिएको छ। कृषकको खाद्य सुरक्षा सूनिश्चित गर्न विभिन्न संख्यामा उन्नत जातको फलफूल विरुवा (५०० वटा कागतीको विरुवा र १५० अम्बाको विरुवा) वितरण गरिएको छ। सुक्ष्म तत्व खरिद(१४० लि.), धैचा(७०० के.जी.) तथा बर्सिम(२०० के.जी.) र प्रांगारिक मल/जैविक मल(६१५० के.जी.) को खाद्य तत्व खरिद गरी प्राङ्गारिक उत्पादन गर्न प्रोत्साहन गरिएको छ। १ पटक माटो परिक्षण गरी माटो व्यवस्थापन गरिएको छ। ४७ वटा भकारो सुधार कार्यक्रम सञ्चालन भएको छ।

### (ङ) बजार स्मार्ट

यस अन्तर्गत हाटबजार मर्मत तथा व्यवथापन गरिएको र ५६ वटा सिड बिन वितरण गरी बिउ भण्डारणमा सहजीकरण भएको छ। जसले बिउ भण्डारणमा हुने नोक्सान झन्डै ५०% ले कम भएको छ र बिउको शुद्दता कायम राख्नमा सहयोग पुगेको छ।

### (च) अन्तर्सम्बन्धित विषयहरु

यस अन्तर्गत उत्कृष्ट कृषक (३ जना) लाई पुरस्कृत गरिएकोले कृषकहरु माझ हौसला बृद्धि भएको छ ।बिमा सम्बन्धी गोष्ठी सम्पन्न गरी २० जना कृषकहरुलाई बाली बिमाको जानकारी दिइएको छ।सहजकर्ता पारिश्रमिक व्यवस्थापन भएकोले कार्यक्रम संचालन गर्न सजिलो भएको छ। ८ वटा विभिन्न शिर्षकमा तालिमहरु सञ्चालन भई २९५ जना प्रत्यक्ष लाभान्वित भएको छ।

## ९. अर्घाखाँची

आ.व. २०७८/७९ मा कृषि ज्ञान केन्द्र, अर्घाखाँचीबाट ५ वटा स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन भएकोमा जम्मा ४ वटा कार्यक्रम मात्र सञ्चालन भयो जसबाट तपसिल बमोजिम उपलब्धीहरु हासिल भए।

### १.१ परिचयात्मक विवरण

| क .स | कार्यालयको नाम | संचालन भएको स्थान | बाली/वस्तु | शुरुवात भएको आ.व. | कुल संलग्न घरधुरी | कुल योजना रकम रु. | कार्यालयको स्वीकृत अनुदान रकम रु. | कुल खर्च रकम रु. | कार्यालयको भुक्तानी रकम रु. | समितिको लागत साझेदारी रकम रु. | सम्बन्धित स्थातहको . साझेदारी रकम रु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री बामरुक स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति, | मालारानी गा.पा.७ बामरुक | तरकारी र बाखा | २०७५/७६ | १०३ | ४५०००६० | २२५०००० | २७१५४७६ | १३५७७३८ | १३५७७३८ | ० |
| २ | श्री खिलुराईखन्ने स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति, | भूमिकास्थान न.पा. ३ खिलुराई खन्ने | तरकारी खेती | २०७६/७७ | ४१ | ५०००००० | ३०००००० | ३२२८९०८ | १९३७३४५ | १२९१५६३ | ० |
| ३ | श्री पावर स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति, | शितगंगा न. पा. १४ पावर | अर्गानिक तरकारी | २०७६/७७ | ७७ | ५०००००० | ३०००००० | ३३४४०५६ | २००६४३४ | १३३७६२२ | ० |

| क .स | कार्यालयको नाम | संचालन भएको स्थान | बाली/वस्तु | शुरुवात भएको आ.व. | कुल संलग्न घरधुरी | कुल योजना रकम रु. | कार्यालयको स्वीकृत अनुदान रकम रु. | कुल खर्च रकम रु. | कार्यालयको भुक्तानी रकम रु. | समितिको लागत साझेदारी रकम रु. | सम्बन्धित स्थातहको . साझेदारी रकम रु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | श्री सन्धिखर्क स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | सन्धिखर्क न.पा. १ र २ कुडले सुक्मी | तरकारी खेती | २०७७/७८ | ५६ | ५३५७२२६ | ३७५०००० | ४८४३९५८ | ३३९०७९१ | १४५३१६७ | ० |

## १.२ कम्पोनेन्ट अनुसारको उपलब्धीहरु

### (क) जलवायु स्मार्ट

यस अन्तर्गत सुचना केन्द्र स्थापना भई संचालन तथा व्यवस्थापन (थर्मोमिटर २००, घरभाडा, फर्निसिङ्ग, मौसम तथा बजार मूल्य सूचना संकलन संचालन सामाग्रीहरु) का कामहरु भएको छ। सूचना केन्द्रमा इन्टरनेट जडान गरिएको हुँदा त्यहाँबाट जो कोहि कृषकले सुचना प्रविधि सम्बन्धी जानकारी लिने काम पनि भइरहेको छ।

### (ख) सिँचाई स्मार्ट

यस अन्तर्गत हालसम्म २९.५ हे. क्षेत्रफलमा सिँचाई पहुँच विस्तार भएकोले कृषि कर्म गर्न सहज भएको छ। सिँचाई क्षेत्र विस्तारका लागि तपसिल बमोजिम सहयोग भएको पाइएको छ।

| पाइप | स्प्रिपङ्कलर | डेलिभेरी पाइप | थोपा सिँचाई | हजारी | सिमेन्टेड पोखरी | कूलो निर्माण | मोटर |
|---|---|---|---|---|---|---|---|
| ५८०० मिटर | २० सेट | ३० के.जि. | ६५ सेट | ११६ वटा | २ वटा | १६६ मिटर | २० वटा |

### (ग) प्रविधि स्मार्ट

प्रविधि स्मार्ट अन्तर्गत स्थायी तथा अर्ध स्थायी टनेलहरु निर्माण भई संरक्षित संरचना भित्र खेती गरी बढि उत्पादकत्व लिइएको छ। साथै यान्त्रिकरणका प्रविधिहरु सिकाउन र लागत घटाउनका लागि विभिन्न किसिमका यन्त्र/उपकरणहरु खरिद गरी प्रयोगमा ल्याइएको छ। ढुवानी साधन खरिद गरिएकोले ढुवानीमा सहजिकरण भएको पाइएको छ।

| बाखाको खोर निर्माण | दाना बनाउने कम्बाइन मिल | स्थायी टनेल | अस्थायी टनेल | ग्रीन नेट हाउस | मिनिटिलर | स्प्रेयर | मल्चिङ्ग |
|---|---|---|---|---|---|---|---|
| २ वटा | ९ वटा | ८ वटा | १६३ वटा | १० वटा | ५६ वटा | २९ वटा | ५६ रोल |

### (घ) खाद्य पोषण स्मार्ट

किसानहरुलाई जैविक तथा प्राङ्गारिक मलको जानाकरी र सुरक्षित जैविक बिषादी प्रयोगको बारे जानकारी गराई त्यस्ता सामाग्री प्रयोग गर्न प्रोत्साहन गर्ने गरिएको छ।

### (ङ) बजार स्मार्ट

यस अन्तर्गत तरकारीको बजारिकरणका लागि ढुवानीमा हुने नोक्सान कम गर्न ६० वटा प्लाष्टिक क्रेट समेत वितरण भएको छ। साथै बाखाको मासु बेच्ने फ्रेस हाउस निर्माण र ७२ वटा डिजिटल काँटा वितरण गरि बजारिकरणमा सहजीकरण भएको छ।

### (च) अन्तर्सम्बन्धित विषयहरु

यस अन्तर्गत कार्यक्रम सार्वजनिकीरण, सहजकर्ताको पारिश्रमिक तथा प्रगति पुस्तिका प्रकाशन, विभिन्न शिर्षकमा तालिमहरु सञ्चालन गर्ने कामहरु भएको छ।

## १०. दाङ्ग

आ.व. २०७८/७९ मा कृषि ज्ञान केन्द्र, दाङ्गबाट ५ वटा स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन भई सञ्चालन भयो जसबाट तपसिल बमोजिम उपलब्धीहरु हासिल भए।

### १.१ परिचयात्मक विवरण

| क.स. | कार्यालयको नाम | संचालन भएको स्थान | बाली/वस्तु | शुरुवात भएको आ.व. | कुल संलग्न घरधुरी | कुल योजना रकम रु. | कार्यालयको स्वीकृत अनुदान रकम रु. | कुल खर्च रकम रु. | कार्यालयको भुक्तानी रकम रु. | समितिको लागत साझेदारी रकम रु. | सम्बन्धित स्था. तहको लागत साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री स्यानीगाउ धोवघाट कृषि स्मार्ट गाउँ कार्यक्रम कार्यान्वयन समिति | घोराही उप महानगर पालिका ९ र १० दाङ | मकै र तरकारी | २०७५/७६ | १२२ | ४५००००० | २२५०००० | ३९१२०५७ | १८२९५०० | २०८२५२७ | ० |
| २ | श्री शुक्रवार स्मार्ट कृषि गाउ कार्यक्रम कार्यान्वयन समिति | घोराही उप महा न.पा.-७ शुक्रबार दाङ्ग | तरकारी/धान | २०७७/७८ | १०२ | ५४००००० | ३७५०००० | ५००१६९० | ३३९२०३० | १६०९६५८ | ० |
| ३ | श्री लुहाडवरा मटेरा स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | तुल्सीपुर उप महानगर पालिका १४ दाङ | मकै र तरकारी | २०७५/७६ | १०० | ४५००००० | २२५०००० | ४३५०६०७ | २१०२२९५ | २२४८३१२ | ० |

| क्र.स. | कार्यालयको नाम | संचालन भएको स्थान | बाली/वस्तु | शुरुवात भएको आ.व. | कुल संलग्न घरधुरी | कुल योजना रकम रु. | कार्यालयको स्वीकृत अनुदान रकम रु. | कुल खर्च रकम रु. | कार्यालयको भुक्तानी रकम रु. | समितिको लागत साझेदारी रकम रु. | सम्बन्धित स्था. तहको लागत साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | श्री दुवीचौर बुढाडावर स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | शान्तीनगर गाउपालिका ७ दाङ | मकै र तरकारी | २०७५/७६ | ६७ | ४५००००० | २२५०००० | ३८३४०२० | १८११८५० | २०२२१७१ | ० |
| ५ | रिभानटोल स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | बंगलाचुली गाउपालिका ६ दाङ | कागति र तरकारी | २०७५/७६ | ६२ | ४५००००० | २२५०००० | २४३८९०० | १२९१७५९ | ११४७१४१ | ० |

## १.२ कम्पोनेन्ट अनुसारको उपलब्धीहरु

### (क) जलवायु स्मार्ट

यस अन्तर्गत सुचना केन्द्र स्थापना भई संचालन तथा व्यवस्थापनका कामहरु भएको छ। सूचना केन्द्रमा इन्टरनेट जडान गरिएको हुँदा त्यहाँबाट जो कोहि कृषकले सुचना प्रविधि सम्बन्धी जानकारी लिने काम पनि भइरहेको छ। विभिन्न बालीका उन्नत तथा नेपाली हाइब्रिड जातका विउहरुको प्रयोग गर्न सहयोग गरी उत्पादनमा बृद्धि समेत हासिल गरेको छ।

**(ख) सिँचाई स्मार्ट**

यस अन्तर्गत हालसम्म १८६ हे. क्षेत्रफलमा सिँचाई पहुँच विस्तार भएकोले कृषि कर्म गर्न  सहज भएको छ। सिँचाई क्षेत्र विस्तारका पम्पसेट तथा मोटरबाट नजिकको पानिको श्रोत सदुपयोग गरी सिंचाईको व्यवस्था भएको पाइएको छ। थोपा सिंचाई प्राविधिको प्रयोग गरी पानिको उचित सदुपयोग गरी उत्पादनमा गर्न सिकाइकएको छ। आ.व. २०७८/७९ मा १०० वटा सिँचाई पोखरी निर्माण गरी सिँचाईमा पहुँच बढाइएको छ।

**(ग) प्रविधि स्मार्ट**

प्रविधि स्मार्ट अन्तर्गत स्थायी तथा अर्ध स्थायी टनेलहरु निर्माण भई संरक्षित संरचना भित्र खेती गरी बढि उत्पादकत्व लिइएको छ। साथै यान्त्रिकरणका प्रविधिहरु सिकाउन र लागत घटाउनका लागि विभिन्न किसिमका यन्त्र/उपकरणहरु खरिद गरी प्रयोगमा ल्याइएको छ। ढुवानी साधन खरिद गरिएकोले ढुवानीमा सहजिकरण भएको पाइएको छ।

| कष्टम हायरिङ सेन्टर | ट्र्याक्टर | थ्रेसर | मिनिटिलर | रिपर | रोटाभेटर | प्लाष्टिक टनेल | कम्बाईन मिल | नर्सरी |
|---|---|---|---|---|---|---|---|---|
| ४ वटा | ३ वटा | ३ वटा | २० वटा | ४ वटा | २ वटा | २५ वटा | १ वटा | २० वटा |

**(घ) खाद्य पोषण स्मार्ट**

किसानहरुलाई जैविक तथा प्राङ्गारिक मलको जानाकरी र सुरक्षित जैविक बिषादी प्रयोगको बारे जानकारी गराई त्यस्ता सामाग्री प्रयोग गर्न प्रोत्साहन गर्ने गरिएको छ। ४० वटा भकारो सुधारका कामहरु भएका छन्।

**(ङ) बजार स्मार्ट**

यस अन्तर्गत मूल्य सूचना पाटी कायम गरी वजारको दररेट बारे जानकारी गराउने काम भएको छ। साथै प्लाष्टिक क्रेट तथा  डिजिटल काँटा वितरण गरि बजारिकरणमा सहजीकरण भएको छ।

**(च) अन्तर्सम्बन्धित विषयहरु**

यस अन्तर्गत तालिम तथा प्रदर्शनीबाट कृषकहरुको क्षमतामा अभिबृद्धि तथा आकस्मिक बाली संरक्षण सेवा प्रवाह गर्ने किसिमका कामहरु भएको छ। साथै कार्यक्रम सार्वजनिकीरण र परीक्षण, सहजकर्ताको पारिश्रमिक तथा विविध कार्यक्रम, प्रगति पुस्तिका प्रकाशन गर्ने कामहरु भएको छ।

## ११. गुल्मी

आ.व. २०७८/७९ मा कृषि ज्ञान केन्द्र, गुल्मीबाट ६ वटा स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन भएकोमा ६ वटै कार्यक्रम सञ्चालन भयो जसबाट तपसिल बमोजिम उपलब्धीहरु हासिल भए।

### १.१ परिचयात्मक विवरण

| क्र.स | कार्यालयको नाम | संचालन भएको स्थान | बाली/ वस्तु | शुरुवात भएको आ.व. | कुल संलग्न घरधुरी | कुल योजना रकम रु. | कार्यालयको स्वीकृत अनुदान रकम रु. | कुल खर्च रकम रु. | कार्यालयको भुक्तानी रकम रु. | समितिको लागत साझेदारी रकम रु. | सम्बन्धित स्थानिय तहको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम समूह | धुर्कोट गाउँपालिका -०४,गुल्मी | बाखा र तरकारी | २०७५/७६ | ५० | १४७२५०० | १२५०००० | १३२६१०० | ११५१०१० | १७५०९० | ० |
| २ | श्री स्मार्ट कृषि गाउँ कार्यक्रम समूह | छत्रकोट गाउँपालिका -०१,हुँगा गुल्मी | तरकारी | २०७६/७७ | ५७ | ४००२५५० | ३०००००० | ३८४०५७० | २८७४५०० | ९६६०७० | ० |

| क्र.स | कार्यालयको नाम | संचालन भएको स्थान | बाली/ वस्तु | शुरुवात भएको आ.व. | कुल संलग्न घरधुरी | कुल योजना रकम रु. | कार्यालयको स्वीकृत अनुदान रकम रु. | कुल खर्च रकम रु. | कार्यालयको भुक्तानी रकम रु. | समितिको लागत साझेदारी रकम रु. | सम्बन्धित स्थानिय तहको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | श्री शिवशंकर स्मार्ट कृषि गाउँ कार्यक्रम | गुल्मी दरबार गाउँपालिका -१ र २,गुल्मी | खाद्यान्न | २०७७/७८ | ६० | ५२१०२५० | ३७५०००० | ३७७७३७० | ३२७६८९० | ५००४८० | ११२५००० |
| ४ | श्री स्मार्ट कृषि गाउँ बम्घा टाहटिम आलु र तरकारी पकेट समूह | रुरुक्षेत्र गाउँपालिका -०५, टाहटिम, गुल्मी | आलु र तरकारी | २०७७/७८ | ५७ | ५६४०३५० | ३७५०००० | ३९२७९४० | ३४८२७५० | ४४५१९० | १३२५००० |
| ५ | श्री शालिमे मौरी स्मार्ट कृषि गाउँ कार्यक्रम | मुसिकोट नगरपालिका ८ र ९ मैदान,गुल्मी | मौरी | २०७७/७८ | ५० | ३७६१५०० | ३२९९५०० | ३२६६५७० | २७२९७१० | ५३६८६० | ० |
| ६ | श्री चक्रेश्वर स्मार्ट कृषि गाउँ कार्यक्रम समूह | चन्द्रकोट गाउँपालिका ३,४ र ६, गुल्मी | बाखा र तरकारी | २०७७/७८ | ६० | ५४७६९०० | ३७५०००० | ३९३९५३० | ३२९९०५० | ६४०४८० | ११२६००० |

## १.२ कम्पोनेन्ट अनुसारको उपलब्धीहरु

### (क) जलवायु स्मार्ट

यस अन्तर्गत श्री स्मार्ट कृषि गाउँ कार्यक्रम, धुर्कोट गा.पा.मा बाहेक स्थापना भएका सुचना केन्द्र संचालन तथा व्यवस्थापन (तापक्रम र वर्षा मापन यन्त्र जडान र सञ्चालन) का कामहरु भएको छ। सूचना केन्द्रमा इन्टरनेट जडान गरिएको हुँदा त्यहाँबाट जो कोहि कृषकले सुचना प्रविधि सम्बन्धी जानकारी लिने काम पनि भइरहेको छ।

### (ख) सिँचाई स्मार्ट

यस अन्तर्गत हालसम्म १४५ हे. क्षेत्रफलमा सिँचाई पहुँच विस्तार भएकोले कृषि कर्म गर्न सहजता भएको छ। सिँचाई क्षेत्र विस्तारका लागि १८ वटा सिँचाई पोखरी तथा पक्की कुल निर्माण समेत भएको पाइएको छ।

### (ग) प्रविधि स्मार्ट

प्रविधि स्मार्ट अन्तर्गत स्थायी तथा अर्ध स्थायी टनेलहरु निर्माण भई संरक्षित संरचना भित्र खेती गरी बढि उत्पादकत्व लिइएको छ। साथै यान्त्रिकरणका प्रविधिहरु सिकाउन र लागत घटाउनका लागि १ वटा थ्रेसर र ७३ वटा मिनिटिलर लगायत विभिन्न किसिमका यन्त्र/उपकरणहरु खरिद गरी प्रयोगमा ल्याइएको छ।

### (घ) खाद्य पोषण स्मार्ट

किसानहरुलाई जैविक तथा प्राङ्गारिक मलको जानाकरी र सुरक्षित जैविक बिषादी प्रयोगको बारे जानकारी गराई त्यस्ता सामाग्री प्रयोग गर्न प्रोत्साहन गर्ने गरिएको छ।सुरक्षित विषादी प्रयोग बारे जानकारी गराउँदै विषादी तथा सूक्ष्म तत्वको प्रयोग वृद्धि भएको छ।

### (ङ) बजार स्मार्ट

यस अन्तर्गत तरकारीको बजारिकरणका लागि ढुवानीमा हुने नोक्सान कम गर्न प्लाष्टिक क्रेट वितरण भएको छ। साथै मह प्रशोधन मेशिन खरिद गरि बजारिकरणमा सहजीकरण भएको छ।

### (च) अन्तर्सम्बन्धित विषयहरु

यस अन्तर्गत कार्यक्रम सार्वजनिकीरण, सहजकर्ताको पारिश्रमिक, प्रगति पुस्तिका प्रकाशन, विभिन्न शिर्षकमा तालिमहरु तथा विविध कार्यक्रम सञ्चालन गर्ने कामहरु भएको छ।

## १२. पाल्पा

आ.व. २०७८/७९ मा कृषि ज्ञान केन्द्र, पाल्पाबाट ४ वटा स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन भएकोमा ४ वटै कार्यक्रम सञ्चालन भयो जसबाट तपसिल बमोजिम उपलब्धीहरु हासिल भए।

### १.१ परिचयात्मक विवरण

| क्र.स | कार्यालयको नाम | संचालन भएको स्थान | बाली/ वस्तु | शुरुवात भएको आ.व. | कुल संलग्न घरधुरी | कुल योजना रकम रु. | कार्यालयको स्वीकृत अनुदान रकम रु. | कुल खर्च रकम रु. | कार्यालयको भुक्तानी रकम रु. | समितिको लागत साझेदारी रकम रु. | सम्बन्धित स्थानीय तहको साझेदारी रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री पौरखनी स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | रिब्दिकोटगा.पा. ६, ठिमुरे | तरकारी | २०७७/७८ | ११३ | ५३५०००० | ३७५०००० | ४७४०९४१ | २९६५७०५ | ७७६४३५ | ९९८८०१ |
| २ | श्री झ्यांग्ला स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | तिनाउँ २ .पा.गा झ्यांग्ला | तरकारी, खाद्यान्नबाली | २०७५/७६ | ९८ | ४४९८७३०. | २२४९३६०. | ३०९०७१९ | १३२३४३१ | ६८९२८८ | १०७८००० |
| ३ | श्री हुँगी स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | रम्भादेवी गा.पा.१, हुँगी | खाद्यान्नबाली, तरकारी | २०७५/७६ | ८३ | ४५००७८०. | २२५०३९०. | २७४३४९५ | ८५००८४ | ३६०७४४ | १५३२६६७ |
| ४ | श्री मर्मरा गोल्दि स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति | माथागढी गा.पा. ४, मर्मरा | मौरी | २०७७/ ७८ | ८४ | ५४१४०५०. | ३७५०००० | ३६३३७९६ | २५४३६५७ | १०९०१३९ | ० |

## १.२ कम्पोनेन्ट अनुसारको उपलब्धीहरु

### (क) जलवायु स्मार्ट

यस अन्तर्गत स्थापना भएका सुचना केन्द्र वा कार्यालयमा आवश्यक फर्निचर तथा इन्टरनेट जडान गरी कार्यालय संचालन तथा कृषकहरुलाई सेवा दिईएको छ। भएको छ। सूचना केन्द्रमा इन्टरनेट जडान गरिएको हुँदा मासिक २०-२५ जना कृषकहरुले समेत इन्टरनेट सेवा प्राप्त गरी त्यहाँबाट जो कोहि कृषकले सुचना प्रविधि सम्बन्धी जानकारी लिने काम पनि भइरहेको छ।

### (ख) सिँचाई स्मार्ट

यस अन्तर्गत हालसम्म ६० हे. क्षेत्रफलमा सिँचाई पहुँच विस्तार भएकोले कृषि कर्म गर्न सहजता भएको छ। सिँचाई क्षेत्र विस्तारका लागि तपसिल बमोजिम सहयोग भएको पाइएको छ।

| पाइप | पक्की कूलो | प्लाष्टिक पोखरी |
|---|---|---|
| १३३०० मिटर | ११५८ मिटर | २ वटा |

### (ग) प्रविधि स्मार्ट

प्रविधि स्मार्ट अन्तर्गत स्थायी तथा अर्ध स्थायी टनेलहरु निर्माण भई संरक्षित संरचना भित्र खेती गरी बढि उत्पादकत्व लिइएको छ। साथै यान्त्रिकरणका प्रविधिहरु सिकाउन र लागत घटाउनका लागि विभिन्न किसिमका यन्त्र/उपकरणहरु खरिद गरी प्रयोगमा ल्याइएको छ।

| प्लाष्टिक टनेल | मिनिटिलर | प्लाष्टिक मल्चिङ्ग |
|---|---|---|
| ७५ वटा | १६ वटा | ४९ रोल |

### (घ) खाद्य पोषण स्मार्ट

किसानहरुलाई जैविक तथा प्राङ्गारिक मलको बारे र सुरक्षित जैविक बिषादी प्रयोगको बारे जानकारी गराई त्यस्ता सामाग्री प्रयोग गर्न प्रोत्साहन गर्ने गरिएको छ। जस्तैः ५० के.जी. ढैंचाको बिउ वितरण गरी २० रोपनी धान रोप्ने खेतमा हरियो मलको रुपमा प्रयोग, १४० के.जी. तोरीको विउ तथा कल्किको बिरुवा वितरण गरी मौरीलाई करिब ४०० रोपनी चरन क्षेत्र विस्तार गरिएको, तरकारी खेतीका लागि माइक्रोन्युत्रियन्ट वितरण गरी उत्पादन वृद्धि गर्न सहयोग गरिएको छ।

**(ङ) बजार स्मार्ट**

यस अन्तर्गत तरकारीको बजारिकरणका तरकारी जोख्न र बिक्रि गर्न सहज होस् भन्नका लागि भूगोल हेरी ६ ओटा डिजिटल काँटा वितरण गरिएको जसबाट कृषकहरुले आफ्नो उत्पादन सजिलै जोखेर संकलन केन्द्रसम्म ल्याउन सहजीकरण भएको छ। महको लेभलिंग तथा प्याकेजिङ्ग गरी बिक्रि वितरण गरिएको छ। करिब २६ रोपनी क्षेत्रफलमा जनकदेव आलु खेति गरी ३५ क्विन्टल कोल्ड स्टोरमा बिउको लागि राखिएको छ।

**(च) अन्तर्सम्बन्धित विषयहरु**

यस अन्तर्गत कार्यक्रम सार्वजनिकीरण र परीक्षण, सहजकर्ताको पारिश्रमिक तथा विविध कार्यक्रम, प्रगति पुस्तिका प्रकाशन, कृषक भ्रमण, विभिन्न शिर्षकमा तालिमहरु ( ६ वटाबाट ३४८ जना लाभान्वित) सञ्चालन गर्ने कामहरु भएको छ।

## समग्र प्रदेशको उपलब्धीहरुः

**(क) लाभान्वित घरधुरी (आ.व. २०७८/७९)**

| क्र.स. | कार्यालयको नाम | बजेट विनियोजन भएका कृषि तर्फका कार्यक्रमको संख्या | जम्मा सञ्चालित स्मार्ट गाउँ कार्यक्रम संख्या | साझेदारी गर्ने स्थानीय तहको संख्या | कुल संलग्न घरधुरी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बाँके | ५ | ५ | २ | ६०९ | भुक्तानी बाँकी |
| २ | अर्घाखाँची | ५ | ४ | ० | २७७ | |
| ३ | गुल्मी | ६ | ६ | ३ | ३३४ | |
| ४ | दाङ्ग | ५ | ५ | ० | ४५३ | |
| ५ | कपिलवस्तु | ६ | ३ | ० | २५४ | |
| ६ | नवलपरासी ( ब.सु.प.) | ४ | ३ | ० | ३५६ | |
| ७ | पाल्पा | ४ | ४ | ३ | ३७८ | |
| ८ | रुपन्देही | १० | ६ | ० | ८५१ | |
| ९ | बर्दिया | ४ | ४ | ० | २९७ | |
| १० | रुकुम पूर्व | १ | १ | ० | ६५ | |
| ११ | प्यूठान | ४ | ४ | ४ | २७६ | भुक्तानी बाँकी |
| १२ | रोल्पा | ६ | ६ | १ | ८५३ | भुक्तानी बाँकी |
| | **जम्मा** | **६०** | **५१** | **१३** | **५००३** | |

आ.व. २०७८/७९ मा जम्मा ६० वटा कृषि तर्फका स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरिएकोमा मात्र ५१ वटा कार्यक्रम कार्यान्वयन गर्न सकियो। कार्यान्वयन भएका स्मार्टको समग्र वित्तिय खर्चको अवस्था हेर्दा प्रत्येक स्मार्टले ५० प्रतिशत भन्दा बढि नै खर्च गरी काम गरेका छन्। तापनि सोहि आ.व. मा भुक्तानीका समयमा CGAS प्रणालीमा आएका प्राविधिक समस्याले रोल्पाका ४ वटा, बाँकेको ५ वटा र प्यूठानका २ वटा स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन भएर पनि भुक्तानी हुन नसकेकाले खर्च कम देखिएको हो। कार्यविधिमा स्थानीय तहले साझेदारी गर्न सक्ने व्यवस्था राखेको भएता पनि ५१ वटा स्मार्ट सञ्चालन गर्दा जम्मा १३ वटा कार्यक्रममा मात्र अर्थात् २५ प्रतिशत स्मार्टमा मात्र स्थानीय तहको समेत लागत साझेदारीमा कार्यक्रम सम्पन्न भएका छन्। यसले गर्दा पनि सम्पन्न कार्यक्रमको कार्यविधि बमोजिम स्थानीय तहको रोहबरमा हस्तान्तरणका कामहरु तथा प्रकृयामा ढिला सुस्ती भएको हुन गएको छ।

आ.व. २०७८/७९ मा २०७५/७६ मा निर्णय भएका ६ वटा (रूपन्देही- २, कपिलवस्तु-३, अर्घाखाँची-१), आ.व. २०७६/७७ मा निर्णय भएको १ वटा (निर्देशक समितिबाट रद्द भएको नवलपरासीको) र २०७७/७८ मा निर्णय भएको २ वटा (रूपन्देहीमा लगातार २ वर्ष सञ्चालनमा नआएको) स्मार्ट कृषि गाउँ कार्यक्रमलाई पनि कार्यविधिनै संशोधन गरी हस्तान्तरण वा रद्द गर्नु पर्ने अवस्यकता देखिएको छ ।

**(ख) उत्पादन तथा बिक्रि वितरणमा अवस्था (आ.व. २०७८/७९)**

प्रदेश भरिका कृषि बाली प्रमुख बनाइने काम गरिरहेका स्मार्ट कृषि गाउँको आ.व. २०७८/७९ को उत्पादन तथा बिक्रि विवरण हेर्दा तपसिल बमोजिमको पाइएको छ।

| **क्र. सं.** | **बाली वस्तु** | **हालको उत्पादन (कुण्टल)** | **विक्री परिमाण (कुण्टल)** | **बिक्री गरिने उत्पादनको मुल्य (प्रचलित दरमा)** |
|---|---|---|---|---|
| १ | आलु | ८९२२ | ७४८८ | ४१३९८४५० |
| २ | खाद्यान्न | ११०१६४.१ | ३९३८२.२ | २१६०५१९५० |
| ३ | तरकारी | ५८१७० | ५०७३९.५ | १३६३०११२५ |
| ४ | रायोको बीउ | ८९ | ८९ | ५३४०००० |
| ५ | तोरी | ४८ | ३९.१ | ३९१००० |
| ६ | दलहन | १४५ | १२२ | २२१५००० |
| ७ | फलफूल | ५७९० | ५१८० | ४९८४०००० |
| ८ | मसलाबाली | ७६५ | ७६७ | ११०७०५०० |
| ९ | मौरी | ८४ | ७४ | १८५०००० |
| **जम्मा मूल्य** | | **१८४१७७.१** | **१०३८८०.८** | **४६४४५८०२५** |

आलु मध्ये ३७२ बोरा आलु चाहिँ कोल्ड स्टोरमा भण्डार गर्न राखिएको थियो।

**(ग) क्षेत्रफल तथा प्रविधि विस्तार (हालसम्म)**

आ.व. २०७५/७६ मा कार्यक्रम सुरु भए देखि हालसम्म तपसिल अनुसार काम भएको पाइएको छ।

| क्र. स. | जिल्ला | तालिम प्राप्त संख्या | क्षेत्रफल हे. | रोजगारी सृजना संख्या | सिँचित क्षेत्रफल विस्तार हे. | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | शुरु वर्ष | हालको | थप भएको |
| १ | बाँके | ८२६ | ५१५.९ | १६८६ | १२५ | ३०२ | १७७ |
| २ | दाङ्ग | ३९८ | १९६.५ | २९५० | १३१ | १८६ | ५५ |
| ३ | गुल्मी | १५० | ७२.४५ | १५७ | ० | १४५ | १४५ |
| ४ | कपिलवस्तु | ६० | २०७ | १४० | ५८ | ८५ | २७ |
| ५ | नवलपरासी | ७५ | १५७.४ | ३५१ | ९८ | १४२ | ४४ |
| ६ | पाल्पा | ३६६ | ९४ | ५२ | ३८ | ६० | २३ |
| ७ | रुपन्देही | ३७५ | ३२८ | ४४२ | १८४ | ३२० | १३६ |
| ८ | बर्दिया | ३०१ | १२७.२५७ | २८१४ | ९७ | १५८ | ६१ |
| ९ | रुकुम पूर्व | ३२ | ७० | २०० | ० | ० | ७२ |
| १० | रोल्पा | २१० | १३७.५ | ४९५ | २७ | ७३ | ४६ |
| ११ | अर्घाँखाँची | ८७ | ३२ | २६६ | १५.५ | २९.५ | १४ |
| १२ | प्यूठान | ३०० | १४५.५ | ४५ | १६५ | २२७.५ | ६२.५ |
| **जम्मा** | | **३१५०** | **२०८३.२** | **९५९८** | **९३८** | **१७२८** | **७९०** |

समग्रमा कार्यक्रम मार्फत सिँचाई क्षेत्रमा धेरै राम्रो काम भएको पाइएको छ।

**(घ) अन्य उपलब्धीहरु (आ.व. २०७८/७९)**

**<u>सिँचाई क्षेत्रमा भएका उपलब्धीहरुः</u>**

| विवरण | परिमाण | विवरण | परिमाण | विवरण | परिमाण | विवरण | परिमाण |
|---|---|---|---|---|---|---|---|
| सिँचाई पोखरी | ४२ वटा | डेलिभेरी पाइप के.जि. | ४४८५ | हजारी | ३१९ थान | सेक्सन.पा.इप फिट | २२० |

| विवरण | परिमाण | विवरण | परिमाण | विवरण | परिमाण | विवरण | परिमाण |
|---|---|---|---|---|---|---|---|
| पुरानो पोखरी ढलान | ९ वटा | कूलो मर्मत | १०८० मि. | पानी तान्ने मोटर | ९९ थान | स्प्रिपङ्कलर सेट | २० थान |
| सिंचाइ पाइप मि. | ३३३१५ | कुलो निर्माण | ३६१६ मि. | पम्पसेट | १४६ थान | | |
| लिफ्ट सिंचाइ | १ वटा | थोपा सिँचाई सेट | १९६ थान | हिल टंकी | ३ वटा | | |
| बोरिङ्ग | ४९ वटा | कृषि मिटर जडान | १४ थान | प्लाष्टिक पोखरी | २ वटा | | |

**यान्त्रीकरण क्षेत्रमा भएका उपलब्धीहरुः**

| विवरण | परिमाण | विवरण | परिमाण |
|---|---|---|---|
| मिनि/पावर टिलर | २४८ थान | ट्याक्टरको ट्रली | १ थान |
| ज्याप सिडर | २९६ थान | मकै छोडाउने मेसिन | ८ थान |
| रोटाभेटर | ७ थान | धान बताउने हाते पंखा | १ थान |
| कल्टीभेटर | १ थान | ट्र्याक्टर | ४ थान |
| रिपर | २० थान | थ्रेसर | ६ थान |
| सोलार ड्रायर | १ थान | कष्टम हायरिङ्ग सेन्ढ्र | ५ वटा |
| स्प्रे टंकी | २७६ थान | कम्बाइन मिल | १ थान |
| धान निफन्ने ई. पंखा | २ थान | स्प्रेयर | ३५७ थान |

**संरक्षित संरचना क्षेत्रमा भएका उपलब्धीहरुः**

| बाँसको टनेल | फिक्स टनेल | सिल्पोलिन प्लाष्टिक (९० GSM) | मल्चीङ्ग प्लाष्टिक | ग्रीन नेट हाउस |
|---|---|---|---|---|
| ३२८ वटा | ५४ वटा | १६ थान | २०५ रोल | ३० वटा |

यसरी हेर्दा आ.व. २०७८/७९ को कामहरु/कृयाकलापहरुको तथ्याङ्कहरु राम्रो देखिएको छ। विशेष गरी सिँचाई क्षेत्र विस्तार तथा बाली सघनता बढाउन यो कार्यक्रमको प्रभावकारिता धेरै देखिएको छ। तापनि यस प्रकाशनका लागि लिएको सबै विवरण अझै पूर्ण रुपमा सम्बन्धित

कार्यान्वयन कार्यालयबाट प्राप्त गर्न सकिएको छैन। त्यसैले, प्रगतिको अवस्था र उपलब्धी कहाँ देखि कहाँ आइपुगेको हो भन्ने कुरा तथ्याङ्कबाट विस्तृत खुलाउन थप कार्यक्रमको प्रभावकारिता अध्ययन गर्नु पर्ने आवश्यकता देखिएको छ। यस कार्यक्रमको सुरुको आधुरभूत तथ्याङ्क नै लिन नसिकिएको हुँदा सम्पन्न भइसकेको स्मार्टको प्रतिफल कार्यान्वयन कार्यालयबाट आउन सकेकोले स्मार्ट कृषि गाउँमा घरधुरी सर्भेक्षणबाट पुनः अध्ययन गरे पश्चात मात्र यसको उपलब्धी राम्रो सँग मूल्याङ्कन गर्न सकिनेछ।

# भाग-३ कार्यक्रम सञ्चालनका लागि देखिएको समस्या तथा समाधानका उपायहरु

स्मार्ट कृषि गाउँ कार्यक्रम आफैमा निकै राम्रो र महत्वकाँक्षी कार्यक्रम हुँदाहुँदै पनि यसमा केहि समस्याहरु विद्यमान छन् जसलाई निम्नानुसार राखिएको छ।

| क्र.सं. | समस्या | समाधानका उपायहरु |
|---|---|---|
| १ | ४ वटा सम्म टोल वा गाउँ मिलेर बनेको स्मार्टको हस्तान्तरणका लागि समुह बनाउन ठूलो हुने सहकारी बनाउन सबै सदस्यहरु पहिले कुनै न कुनै सहकारीमा आवद्ध भइसकेको हुने। | हस्तान्तरण भनेको ठूलो बोझ जस्तो नभई त्यही भएका समुह/सहकारीमै पनि गर्न सकिने र त्यहाँ हाम्रो कामको सहयोगको सामाग्रीहरु जहिले खोज्दा पनि चुस्त दुरुस्त हुने गरी राख्नु पर्ने दायित्व/जिम्मेवारी बोध भएको जानकारी गराइयो। |
| २ | समितिको पान नं पहिले भएको र अब अर्को संस्थाम जाँदा त्यो पानं प्रयोग गर्न असहज। | पान नं खारेज नहुने भएकाले अर्को संस्था नयाँ खोल्दा पुनः पान नं लिनुपर्ने। |
| ३ | पालिकाले पहिले लागत साझेदारी नगर्दा जिम्मेवारी वहन पनि नगरेको | लागत साझेदारि भएका ठाउँमा पालिकाका कृषि शाखालाई राखेर त्रिपक्षिय सम्झौता गर्ने र नभएका ठाउँमा सम्झौता तथा कार्ययोजना सम्बन्धी जानकारी गराउँदै पत्र सम्बन्धित वडा तथा पालिकामा पठाउने र संयुक्त अनुगमनका कार्यक्रम राख्ने जसले हस्तान्तरणको बेला सहज हुनेछ। |
| ४ | सूचना केन्द्रको परिचालन तथा सामाग्री व्यव्थापनमा समस्या | परिचालनका लागि सहजकर्तालाई अभिमुखीकरण गर्नुपर्ने र सामाग्री पछि संस्था (फर्म, समुह, सहकारी) मा रुपवन्तरण हुने हुँदा सम्बन्धित संस्थालाई नै व्यवस्थापनको जिम्मा मिलाउने यदि त्यो असम्भव देखिएमा मात्र हकमा सम्बन्धित पालिकालाई हस्तान्तरण गरी सुरक्षित गर्न सकिने। |
| ५ | हस्तान्तरणलाई कार्यक्रम सकिएकाले राम्रो समन्वयमा नआएको | Convince गर्ने र अन्य थप कार्यक्रममा त्यो कृषक/समुहलाई नजोड्ने खालका जानकारी गराई सजग बनाउने, सञ्चालन भई रहेकाको हकमा सहकारी शिक्षाका कार्यक्रम राखी अन्तिम वर्षमा हस्तान्तरण नभई भुक्तानी नदिने गरी प्रबन्ध मिलाउने |
| ६ | बेरुजु लेखिएका स्मार्ट कार्यक्रमबाट रकम दाखिला गराउन असहज | बेरुजु देखिएका स्मार्टको हकमा बेरुजु दाखिला गर्नुपर्ने शर्तमा मात्र कार्यक्रम सञ्चालन गराउनु पर्ने |

| क.सं. | समस्या | समाधानका उपायहरु |
| --- | --- | --- |
| ७ | कार्यक्रमकों तथ्याङ्क तथा उपलब्धी अभिलेखीकरणमा समस्या | तथ्याङ्क तथा उपलब्धी अभिलेखीकरणमा सञ्चालन गरेका कार्यालयसँग समन्वय गर्ने र सम्बन्धित स्मार्टका जिम्मेवार व्यक्ति सँग छलफल गरी तथ्याङ्क सङ्कलन गरी सम्बन्धित निकायमा पठाउने, समितिमा खरिद भएका सामाग्रीको अनिवार्य दाखिला गर्ने प्रणाली विकास गर्ने |
| ८ | लागातार चार वर्ष सञ्चालन नभएका वा निर्णय भएर पनि सञ्चालन नभएका स्मार्टहरुमा बजेट विनियोजन भएको | लागातार चार वर्ष सञ्चालन नभएका स्मार्टहरुको हस्तान्तरण गर्नका लागि कार्यविधिमा संशोधन गर्ने र निर्णय भएर पनि सञ्चालन नभएका स्मार्टहरु रद्द गर्नका लागि इकाईलाई पत्राचार गर्ने |
| ९ | स्मार्ट कृषि गाउँ कार्यक्रम ४ वर्ष निरन्तर कार्यान्वयन पश्चात हस्तान्तरण गर्ने व्यवस्था भएको तर केहि कार्यक्रम चौथौं वर्षमा सञ्चालन नभएको तथा तोकिएको सूचकमा ५० प्रतिशत प्रगति हासिल गर्न नसकेका कार्यक्रमहरुलाई रद्द गर्न सकिने प्रावधान भएको तर विचैमा रद्द गरिएको कार्यक्रमहरुलाई हस्तान्तरण गर्ने कुनै पनि व्यवस्था नरहेको। | कार्यविधि बमोजिम केहि वर्ष सञ्चालन भएका तर ५० प्रतिशत भन्दा कम प्रगति गरि ४ वर्ष नपुगि बिचमै रद्द गरिएका र चौथौं वर्षमा सञ्चालनमै नआएका स्मार्ट कृषि गाउँ कार्यक्रमलाई हस्तान्तरण गर्ने व्यवस्था कार्यविधिबाटै बनाउनु पर्ने र जसका लागि सम्बन्धित मन्त्रालयमा संशोधन प्रस्ताव सहित पठाइएकोमा प्रकृया छिटो गराउनु पर्ने |
| १० | स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन विधि, २०७६(पहिलो संशोधन) को दफा १६ मा कार्यक्रमको मूल्याङ्कन सम्बन्धी व्यवस्था रहेकोमा उपदफा (१) मा कार्यक्रमको लक्ष्य अनुसार प्रगति मूल्याङ्कन गर्न निर्देशक समितिले स्थानीय तह सरोकारवाला निकायहरु तथा सञ्चारकर्मीको सहभागितामा वर्षमा कम्तीमा एक पटक स्थलगत अनुगमन गर्ने र प्राप्त सूचनाका आधारमा मूल्याङ्कन गरी मूल्याङ्कन पश्चात प्राप्त पृष्ठपोषणलाई आगामी कार्ययोजनामा समावेश गरिनेछ। लेखिएकाले यो पाली पाल्पा र रुपन्देहीमा त्यो ब.उ.शि.नंको सम्पूर्ण रकम बेरुजु टिपेको। | कार्यविधि बमोजिम एक पटक कम्तीमा सबै जिल्लामा निर्देशक समिति मूल्याङ्कनका लागि स्थलगत अनुगमनमा जाने व्यवस्था बनाउनु पर्ने र जसका निर्देशक समितिको बैठक बस्नु पर्ने |

# भाग-४ सफलताको कथा

## सिँचाईले छेक्यो विदेशको पलायन



कृषिलाई आफ्नो मुख्य पेशा बनाएका गंगादेव गा.पा. ३ मनिमारेका भिम बहादुर खत्रीले २०५२ सालमा २०० बोट स्याउ लगाई व्यवसायिक खेती गरेका थिए ।१० बर्षे जनयुद्धका कारण उनले व्यवसाय छोडी भारत जान बाध्य भएका थिए । १० वर्षे जनयुद्धका कारण उनले व्यवसाय छोडी भारत जान बाध्य भएका थिए । देशमा शान्ति प्रक्रिया आइसकेपछी आफ्नै गाउँमा रहेको स्याउ खेतिलाई पुन निरन्तरता दिने बिचारका साथ उनी नेपाल फर्किए।

खत्रीले वि.सं. २०६९/०३/०६ गते समशितोष्ण तरकारी बिउ उत्पादन केन्द्र चाँपा गएर तरकारी बालिहरुको बिउ उत्पादन प्रविधि सम्बन्धी तालिम लिए । २०७३/०२/१३ गते लभि पर्यटन व्यवसायिक स्याउ खेति फर्म दर्ता गरी उनले स्याउ खेती विस्तार गरे। सिंचाईको अभावको कारणले स्याउ खेती गर्न कठिनाई भइरहेको अवस्थामा कृषि ज्ञान केन्द्र, रोल्पाबाट संचालित स्मार्ट कृषि गाउँ कार्यक्रम मार्फत ५००० लि. को पक्कि पोखरी निर्माण, पावर स्प्रे खरिद तथा भकारी सुधार कार्यक्रम अनुदान पश्चात उनले ५ रोपनीमा स्याउ खेती बिस्तार गर्न सफल भए । उनका अनुसार करिब २.४ मे.टन स्याउ, २ मे.टन आलु बिक्रि गरी बार्षिक १८ लाख बरारबको कारोबार गरेका छन् भने १५ लाख बराबर खुद नाफा गर्न सफल भएका छन् । आगामी दिनहरुमा स्याउ तथा आलुको क्षेत्र बिस्तार गर्दै जाने सोच बनाएका खत्रीले वृहत कृषि मेला प्रदर्शनीमा मिति २०७८ चैत्र २६ गते जिल्लाकै उत्कृष्ट कृषक पुरस्कारबाट सम्मान प्राप्त गर्नुका साथै एक सफल कृषि व्यवसायिको रुपमा परिचित भएका छन् । यसरी उनले आफ्नो परिश्रम र मेहेनतबाट ६ जनाको परिवारलाई आर्थिक रुपमा सबल बनाएका छन् भने अन्य ५ जनालाई रोजगारीको अवसर प्रदान गरी निकै नै प्रशंसनिय कार्य गर्दै आइरहेका छन् । आफ्नै ठाउँमा मिहिनेत र परिश्रम गरेमा कृषि पेशाबाट पनि मनग्य आम्दानी गर्न सकिने अनुभव उनी बताउँछन् ।

# यान्त्रिकरणले ल्याएको खुसी

स्मार्ट कृषि कार्यक्रम बारबर्दिया नगरपालिका वडा नं. ५ को धोविया गाउँमा संचालनमा आइसके पछि कृषि यन्त्रको बढि मात्रामा प्रयोग भएको छ। जसले गर्दा समयको बचत हुनका साथै कम परिश्रममा नै बढि उत्पादन भएको र बचेको समय अन्य कार्य गर्न सहयोग पुगेको छ। कृषिमा दुख मात्र हुन्छ , आम्दानी हुदैन भन्दै वर्षेनी लाखौं युवा रोजगारीका लागि बिदेशिन्छन् तर इमानदारिता र लगनशिलता भइ काम गर्ने हो भने स्वदेश मै लाखौ रुपैयाँ कमाउन सकिन्छ भन्ने उदाहरण पनि गाउमा प्रशस्त देखिन्छन् । ति मध्येका एक हुन त्यही गाउँका ५२ वर्षिया राम बहादुर चौधरी कडा परिश्रम गरेर उनले गाउँमा लागेको ऋण तिरेका छन् । ऋण मुक्त मात्र होइन छोरा छोरीलाइ राम्रो विद्यालय र क्याम्पसमा पढाउछन् । एउटा छोरीलाइ कृषि जे. टि. ए. पढाइरहेका छन् । उनको छोरी (PMAMP ) मा जागिर समेत गर्छिन् । यही कृषि पेशाबाट उनले ५ कठ्ठा जमिन समेत किनेका छन् । गोबर ग्यास, पक्कि शौचालय निर्माण संगै पावरटिलर मोटरसाइकल समेत कृषि कर्मबाट पाएका हुन् । सामान्य लेखपढ गरेका उनले कृषि पेशा मार्फत गरेको यो उदाहरणले मात्र स्पष्ट पार्छकी इमानदारिताका साथ परिश्रम गर्ने हो भने स्वदेश मै पैसा संगै मानसम्मान कमाउन सकिन्छ ।



खाद्यान्नको भण्डार मानिने बर्दियाका उनले १५ कठ्ठा जग्गामा उपलब्ध स्रोत तथा उन्नत प्रविधि प्रयोगबाट मौषमी तथा बेमौषमी तरकारी खेती गर्दै आएका छन्। राम्रो संग बजारमा खपत पनि हुन्छ । वार्षिक २ देखि ३ लाख रुपैयाँ आम्दानी हुने गरेको उनी बताउछन् । एकिकृत कृषि तथा पशुपन्छि विकास कार्यालय बर्दियाको अनुदान सहयोग र प्राविधिकहरुबाट आवश्यक राय सुझाब लिइ १० कठ्ठाबाट बढाएर १५ कठ्ठा क्षेत्रफलमा तरकारी खेति गर्दै आएको उनको भनाइ छ ।



# स्मार्ट कृषिले ल्याएको व्यवसायिक खेती



गुल्मी छत्रकोट गाउँपालिका वडा नं १ निवासी दान बहादुर पल्लीले २०७० साल देखि व्यवसायिक कृषि थालनी गरेका हुन्। वैदेशिक रोजगारीमा असफल भएपछी व्यवसायिक कृषि पेशामा लागेका पल्ली हाल कृषि पेशामा नै रमाएका छन्। २०७६ सालमा प्रदेश सरकारको सहयोगमा स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन भएपछि अध्यक्ष जिम्मेवारी पाएका पल्लीले पहिलो वर्षमा १० वटा टनेल निमार्ण गरे त्यस पछी प्रत्येक वर्ष १० वटा दरले स्थायी टनेल निर्माण गरि हाल ३१ वटा टनेलमा व्यवसायिक तरकारी खेती गरेका पल्लीले वार्षिक १० लाख सम्म आम्दानी गर्दछन् । उनि कृषि पेशाको आम्दानीले मात्र २ वटा छोराछोरीलाई पालन पोषण तथा पढ्ने देखि लिएर सम्पूर्ण घर खर्च गरेर केही वचत समेत गर्न सफल छन्।पल्लीले व्यवसायिक तरकारी खेती सँगसँगै साहयक कृषिको रुपमा ६० वटा वङगुर र ३० वटा वाख्रा समेत पालन गरेको छन् । उनि भन्छन् "म एक वर्षमा १००० कुन्टल सम्म तरकारी विक्रि गर्दछू।पहिला वजार खोज्दै जानु पर्थो अहिले वजार मलाई खोज्दै आउन्छन्। तर राम्रो मुल्य चाहिँ पाइन्न।"

स्मार्ट कृषि समेतको अध्यक्ष रहेका पल्लीले आफ्नो मात्र नभइ हरेका कृषकका समस्या समाधान गर्नमा लागि पर्दछन् । प्रदेश सरकार तथा स्थानिय सरकारले हामीलाई धैरै सहयोग पाएका उनि स्मार्ट कृषि गाउँ कार्यक्रमले कृषकलाई झन् उत्प्रेरणा जागेको बताउँछन्। पहिले पहिले परम्परागत रुपमा गरिएको तरकारी खेती स्मार्ट कृषि आएपछि मल्चिङ्ग प्लाष्टिक प्रयोग र सिँचाइ व्यवस्थापनले त्यस क्षेत्रको कृषि थप व्यवसायिक, आधुनिक तथा प्राविधिक भएको उनी बताउँछन्। उनका अनुसार कृषकलाई राज्यले अरु केही गर्नु पर्दैन, कृषकलाई उत्पादनका आधारमा अनुदान दिने, बजारको सूनिश्चित गर्ने र प्राविधिक सेवा भए नेपालमा कृषिमा धेरै गर्न सकिन्छ। उनि भन्छन्- "प्राविधिक सित पहिले मैले सल्लाह लिने गर्थे आच्चल प्राविधिकहरू म सित सोध्छन् अनुभव यति ठुल्लो हुने रहेछ ।"

# भाग-५ कार्यक्रमबाट भएका कृयाकलापहरुको झलकहरु



श्री घोडागाउँ स्मार्ट कृषि गाउँ कार्यक्रम, सुनिलस्मृति गा.पा.मा भएका गतिविधिहरु



बुढागाउँस्मार्ट कृषि गाउँ कार्यक्रम, त्रीवेणी गा.पा.मा भएका गतिविधिहरु



स्मार्ट कृषि गाउँ मनिमारे सञ्चालन समिति, गंगादेव गा.पा. ३ मनिमारे, रोल्पाका गतिविधिका झलक




जेलबाङ स्मार्ट कृषि गाउँ कार्यक्रम, सुनछहरी गा.पा. ७, मा भएका गतिविधिका झलक



स्मार्ट कृषि गाउँ कार्यक्रम लुंग्री गा.पा., रोल्पाका गतिविधिका झलक




जुमाराङ्गसी स्मार्ट कृषि गाउँ कार्यक्र परिवर्तन गा.पा., रोल्पाका गतिविधिका झलक










दोगहरी कृषि स्मार्ट गाँउ कार्यक्रम कार्यान्वयन समिति, सि.न.न.पा-१०, दोगहरी, रुपन्देहीमा व्यवसायिक तरकारी खेतीका दृश्यहरु



स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति, गैडहवा गा.पा.-७, बगरदहिया, रुपन्देहीका झलकहरु




स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समिति, लुम्बिनी सांस्कृतिक न.पा.-९, रुपन्देहीका झलकहरु



स्मार्ट गाँउ कार्यक्रम कार्यान्वयन समिति, तिलोत्तमा न.पा.-१४, मंगलपूर, रुपन्देहीका झलहरु







समयमाइ स्मार्ट कृषि गाउँ सञ्चालक समिति मर्चवारी गा.पा.-१ रुपन्देहीका कृयकलापहरुको झलकहरु









तरैनी कृषि स्मार्ट गाँउ कार्यक्रम कार्यान्वयन समिति, ओमसतिया गा.पा.-५, तरैनी, रुपन्देहीका गतिविधिहरुको दृश्यहरु















एकता स्मार्ट कृषि गाउं कार्यक्रम, शिवराज न.पा. १ उमरी, कपिलवस्तुका झलकहरु









कोईली स्मार्ट कृषि गाँउ कार्यक्रम कपिलवस्तुका केही झलकहरु









लोहरौला स्मार्ट कृषि गाउँ कार्यक्रम कपिलवस्तुका गतिविधिहरु




सौरहा स्मार्ट कृषि गाउँ कार्यक्रम कपिलवस्तुको झलकहरु




सिस्ने गा. पा. -७ र ८ स्यालापाखामा कार्यक्रम मार्फत निर्माण गरिएको सेलार स्टोर



स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समितितुलसीपुर बर्दियाको गुलरिया नगरपालिका ४ झलकहरु











धोबिया स्मार्ट गाँउ कार्यक्रम कार्यान्वयन समिति बारबर्दिया-५  का  झलकहरु








उत्कृष्ट स्मार्ट कृषि गाउँ पुरस्कार बितरण कार्यक्रम लोहरौला स्मार्ट कृषि गाउँ कृष्णनगर न.पा.-८



शुक्रबार स्मार्ट कृषि गाउँ कार्यक्रम, घोरहीका झलकहरु











स्मार्ट कृषि गाउँ कार्यक्रम पालिनन्दन गा.पा. नवलपरासीका झलकहरु




स्मार्ट कृषि गाउँ कार्यक्रम मालारानी गा.पा. ७ बामरुकका झलकहरू



स्मार्ट कृषि गाउँ कार्यक्रम भूमिकास्थान न.पा. ३ खिलुराई खन्नेका झलकहरु



सन्धिखर्क स्मार्ट कृषि गाउँ कार्यक्रम सन्धिखर्क न.पा. १ र २का झलकहरु





# ठिमुरेको स्मार्ट कृषि गाउँमा व्यावसायिक किसान बढ्दै

**दैनिक पत्र संवाददाता**
पाल्पा, ९ असार।

लुम्बिनी प्रदेश सरकारले व्यावसायिक किसान वृद्धि गर्न र बजारसम्म पहुँच पुर्‍याउने उद्देश्यले संचालन गरेको स्मार्ट कृषि गाउँ कतिपय स्थानमा सफल बनेको छ। पाल्पाको पाल्पाको रिब्दीकोट गाउँपालिका ६ ठिमुरेस्थित पौरखनी स्मार्ट कृषि गाउँ कार्यक्रममा पनि सफलता देखिएको छ।

प्रदेश सरकार, कृषि ज्ञान केन्द्र र रिब्दीकोट गाउँपालिकाको पौरखनी स्मार्ट कृषि गाउँ कार्यक्रमले सफलता प्राप्त गरेको हो। पहिलो वर्षको कार्यक्रममा प्रदेश सरकारबाट ८० प्रतिशत र स्थानीय तहबाट २० प्रतिशत रकम खर्च गर्ने गरी कार्यक्रम सम्पन्न भएको हो। यहाँका युवाहरु विदेश जाने भन्दा पनि कृषि कर्ममा रमाउन पुगेका छन्। प्रदेश सरकारको ५० लाख र स्थानीय तह रिब्दीकोट गाउँपालिकाले १० लाख गरी ६० लाखको पहिलो वर्ष कार्यक्रम भयो। दोस्रो वर्षमा ३७ लाख ५० हजार प्रदेश सरकारको र गाउँपालिकाको १५ लाख खर्च भएको छ। आगामी वर्षमा पुनः प्रदेश सरकारको लगानी घट्दै जाने र गाउँपालिकाको लगानी बढाउँदै लग्ने गरिन्छ।

यही कार्यक्रमको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ। कृषि ज्ञान केन्द्र पाल्पाकी प्रमुख कामना अधिकारी भट्टराईको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा चालु आर्थिक वर्षको सुरुदेखि अहिलेसम्म भएका गतिविधिबारे सम्पूर्ण सदस्यहरुलाई जानकारी गराइएको थियो। कार्यक्रममा बोल्दै कृषि ज्ञान केन्द्रकी प्रमुख अधिकारीले सबै हिसाबले स्मार्ट गर्न सकियो भने मात्र उद्देश्य पूरा हुने बताइन्। उनले जलवायु स्मार्ट, सिंचाई स्मार्ट, खाद्य पोषण स्मार्ट, प्राविधिक स्मार्ट लगायतमा क्षमता अभिवृद्धि गर्न प्रदेश सरकारले यो कार्यक्रम ल्याएको बताइन्।

उनले गाउँमा तरकारी खेती संचालन गर्ने योजना र योजना मुताबिक भएको कार्य प्रगतिले ज्ञान केन्द्रलाई पनि उत्साहित बनाएको बताइन्। चार वर्षको अवधिमा गाउँमा रोकिएका युवाहरु व्यावसायिक खेती गर्न आतुर हुनेछन् भन्नेमा आफू विश्वस्त रहेको उनले बताइन्। युवाहरुको तरकारी खेती, अकबरे खुर्सानी खेतीमा मोह बढेकाले पनि आगामी दिनमा अझ प्रगति हुने उनले बताइन्।

कार्यक्रममा बोल्दै रिब्दीकोट गाउँपालिकाका पूर्वअध्यक्ष नारायण बहादुर जीसीले जनताको माग र चाहनाअनुसार नै अघिल्लो आर्थिक वर्षबाट स्मार्ट कृषि गाउँ ठिमुरेको पौरखनी छनोट भएको बताए। उनले राजमार्गदेखि नजिक र मिहिनेती किसान भएकाले पनि ठिमुरे उपयुक्त भएको बताए। कार्यक्रममा बोल्दै महेन्द्र संस्कृत विश्वविद्यालयका पूर्व उपकुलपति सोमप्रसाद ढकालले गाउँमा बसेर कृषि खेती गर्दा छुट्टै आनन्द मिलेकाले नै गाउँमा बस्न छाडेर पुर्ख्यौली सम्पत्तिमा खेती काम गर्नुपर्ने भनेर फर्किएको बताए। उनले स्मार्ट कृषि गाउँ संचालन गर्न आवश्यक कार्यालय भवन निर्माण, बैठक हल, तरकारी संकलन केन्द्र, आवश्यक अन्य सामग्री जुटाइसकेकाले खुसी लागेको बताए।

कार्यक्रममा पौरखनी स्मार्ट कृषि गाउँ कार्यक्रमका अध्यक्ष शम्भु नेपालले १ सय १३ घरधुरी लाभान्वित भएको स्मार्ट कृषि गाउँमा २ सय ५० देखि २ सय ८५ रोपनी जग्गामा तरकारी खेती गरिएको जानकारी गराए। उनले तरकारी बालीमा स्मार्ट कार्यक्रम भएकाले अघिल्लो आर्थिक वर्षदेखि सुरु भएको कार्यक्रममा ३० लाख ५० हजार प्रदेश सरकारको कृषि ज्ञान केन्द्रमार्फत् बजेट आएको र स्थानीय सरकारले १५ लाख बजेट विनियोजन गरेको जानकारी दिए। इन्टरनेट जडान गरेर बालीको बजारको अवस्था बुझ्ने कार्य भएको पनि उनले बताए।

स्मार्ट गाउँ अन्तर्गत सूचना केन्द्र व्यवस्थापन, ल्यापटप खरिद, फर्निचर, कुर्सी, टेबुल, कार्यालयमा इन्टरनेट जडान, पाईप सिंचाई? प्लाष्टिक पोखरी, तरकारी खेतीका लागि माइक्रो न्युट्रेन्ट खरिद, बीउ, मल्चिङ, प्लाष्टिक टनेल खरिद, सिचाई, मिनिटिलर तालिम, डिजिटल काँटा खरिद लगायतका कार्यमा रकम खर्चिएको सचिव सुरेश ढकालले जानकारी दिए।

कार्यक्रममा कृषि ज्ञान केन्द्रका अधिकृत मिलन गैरे, रिब्दीकोट गाउँपालिका कृषि शाखा प्रमुख रन्जन कुँवर, सहकारीका इन्जिन राणाभाट, किरण राणाभाट लगायतले स्मार्ट कृषि गाउँबाट अहिले किसानले फाइदा पाएकाले व्यावसायिक बन्ने अवसर पाएको बताएका थिए।

बेमौसमी तरकारी खेतीका लागि टनेल वितरण, प्लाष्टिक मल्चिङलगायतका कार्यबाट अझ प्रभावकारी बनेको उनीहरुले बताए। गाउँमा तरकारी खेती गर्ने र उत्पादित तरकारीको बजारीकरण गर्नका लागि २ सय २० वटा क्याेरेट वितरण गरिएको छ।

यस्तै अन्तर जिल्ला कृषक भ्रमण पनि गराएर अनुभव आदान प्रदानको मौका दिइएको छ। कार्यक्रम स्मार्ट कृषि गाउँ पौरखनीका अध्यक्ष शम्भु नेपालको अध्यक्षतामा भएको हो।

रिब्दिकोट गा.पा.-६, पौरखनीको स्मार्ट कृषि गाउँ अन्तर्गत गरिएको व्यवसायिक तरकारी खेति




मर्काबाङ स्मार्ट कृषि गाउँ कार्यक्रम माण्डवी गा.पा. २, प्यूठानका झलकहरु



स्मार्ट कृषि गाउँ कार्यक्रम प्यूठान न.पा. ९ र १० प्युठानका झलकहरु




जनप्रिय स्मार्ट कृषि गाउँ कार्यक्रम मल्लरानी गा.पा.-२, प्युठानका झलकहरु



स्मार्ट कृषि गाउँ कार्यक्रम, बर्दघाट- न.पा.-२, धनेवा नवलपरासीका झलहकरु